**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com



**विज्ञापनको निम्ति सम्पर्क**
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १७० ★ ने. सं. ११४६ तछला गा, त्रयोदशी ★ आइतबार ★ २८ असार, २०८३ ★ July 12, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## स्थानीय स्रोत, साधन र जनसहभागिताबाट विकास निर्माणको काम गर्दा दिगो



भक्तपुर, २७ असार । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले शनिबार एक समारोहबिच पुरानो जगातीस्थित ऐतिहासिक पुलको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले 'हाम्रो ठाउँ हामीले नै बनाउने' भन्ने भावनाअनुसार स्थानीय स्रोत, साधन र जनसहभागिताबाट विकास निर्माणको काम गर्दा दिगो हुने बताउनुभयो ।

उहाँले नेपालको पहिचान पुर्खाले छोडेर गएको कला, संस्कृति र सम्पदा भएकोले तिनको संरक्षण र मौलिक शैलीमा पुनर्निर्माण गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँले ऐतिहासिक महत्त्व बोकेको पुल पुनः सञ्चालनमा आउनु सुखद भएको बताउँदै नेपाल मजदुर किसान पार्टीको जनमुखी सोचअनुसार भक्तपुर नगरपालिकाले सधैँ जनताको हितमा काम गर्दै आएको धारणा राख्नुभयो ।

सम्पदाहरूको मौलिक शैलीमा पुनर्निर्माणले नगरको पहिचान जोगाएको र प्रचारभन्दा पनि जनतालाई प्रत्यक्ष लाभ पुग्ने कामलाई प्राथमिकता दिइएको उहाँको भनाइ थियो । साथै अनुशासित समाज निर्माणमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको उहाँले बताउनुभयो ।

वडा नं. ८ का अध्यक्ष कृष्णप्रसाद कोजूले पुल पुनर्निर्माणका लागि ५३ लाख रुपैयाँ लागत अनुमान गरिएकोमा ४४ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण स्थानीयवासीप्रति धन्यवाद व्यक्त गर्दै लिबालीमा चिस्यान केन्द्र पनि अब छिट्टै सञ्चालनमा ल्याइने जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी वडा नं. ८ का संयोजक लक्ष्मीनारायण दुवाल, उपभोक्ता समितिका अध्यक्ष बालगोविन्द तचामोले निर्माण कार्यको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । स्थानीय रामप्रसाद किसी र जगतसेर गोसाईंले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । वडा सदस्य कृष्णलाल किसीले पनि बोल्नुभएको थियो ।

## चीनको 'कृत्रिम सूर्य' मा ठूलो सफलता

चीनको 'कृत्रिम सूर्य' भनिने 'एक्सपेरिमेन्टल एडभान्स्ड सुपरकन्डक्टिङ टोकामाक' को फ्युजन रियाक्टरका लागि दुईओटा मुख्य सुपरकन्डक्टिङ म्याग्नेटको विकास र परीक्षण सफलतापूर्वक सम्पन्न भएको छ ।

यस सफलतासँगै परियोजनाका सबै मुख्य प्रविधिहरू शतप्रतिशत चीनमै बनेका छन् । यो सफलता पूर्वी चीनको अनहुई प्रान्तको हेफेईमा रहेको 'चाइनिज एकेडेमी अफ साइन्सेज' को 'इन्स्टिच्युट अफ प्लाज्मा फिजिक्स'का अनुसन्धानकर्ताहरूले प्राप्त गरेका हुन् ।

**टोरोइडल फिल्ड म्याग्नेट**

यो म्याग्नेट 'डी' अक्षर आकारको छ । यसको लम्बाइ २१ मीटर, चौडाइ १२ मिटर र उचाइ ३.३ मिटर छ भने कुल तौल ५८२ मेट्रिक टन रहेको छ । यसले अत्यधिक तातो प्लाज्मालाई रियाक्टरको भित्तामा ठोक्किन नदिई एकै ठाउँमा बाँधेर राख्छ । यसले सिर्जना गर्ने चुम्बकीय क्षेत्रको शक्तिले नै भविष्यको प्लाज्माको तापक्रम र घनत्व निर्धारण गर्छ ।

विशेषज्ञहरूका अनुसार यो म्याग्नेट बाक्लो स्टिनलेस स्टिलबाट बनेको एउटा बन्द खोरजस्तै हो, जसले तातो प्लाज्माको आगोको डल्लोलाई बाहिर फैलिन दिँदैन । यो नभएमा न्युक्लियर फ्युजन प्रतिक्रिया सम्भव हुँदैन ।

अन्तर्राष्ट्रिय फ्युजन रियाक्टरको तुलनामा यो चिनियाँ म्याग्नेट आकारमा १.३ गुणा ठूलो छ र यसको ऊर्जा भण्डारण क्षमता तीन गुणा बढी छ । यो हालसम्मकै विश्वको सबैभन्दा ठूलो फ्युजन रियाक्टर सुपरकन्डक्टिङ म्याग्नेट हो । यस्ता १६ वटा म्याग्नेटहरू सँगै जोडेर एउटा पूर्ण चुम्बकीय क्षेत्र बनाइनेछ, जसले केन्द्रमा ६.५ टेस्लाको चुम्बकीय शक्ति पैदा गर्नेछ ।

**सेन्ट्रल सोलेनोइड क्वाइल**

यो उच्च-तापक्रममा काम गर्ने कन्डक्टिङ क्वाइल हो, जसको परीक्षण पनि सफल भएको छ । यसले प्लाज्मालाई प्रज्वलित गरी आगोको डल्लो बनाउने र त्यसको स्थानलाई नियन्त्रण गर्ने दुवै काम गर्छ । यो क्वाइलले ६० किलो एम्पियरको विद्युत् प्रवाहलाई सुरक्षित रूपमा धान्न सक्छ र ६०.३ मेगाजुल ऊर्जा भण्डारण गर्छ । यसको कार्यक्षमता अन्तर्राष्ट्रिय रूपमा अग्रणी स्तरको छ । यो प्रविधिले लामो समयसम्म र उच्च शक्तिमा फ्युजन प्रतिक्रिया गराई निरन्तर ऊर्जा उत्पादन

*बाँकी पृष्ठ ८ मा*

## विद्यार्थी निकेतनमा बधाई तथा मार्गनिर्देश कार्यक्रम

भक्तपुर, २७ असार । हामीले ग्रहण गर्ने शिक्षाले अन्याय, अत्याचार, असमानता र अपराधविरुद्ध आवाज उठाउन सिकाएमात्र त्यसको औचित्य हुन्छ । शिक्षाले बोल्न सिकाउने, असमानताविरुद्ध आवाज उठाउन सिकाउनुपर्दछ । समाजको वर्गीय विभेदलाई कम गर्नको लागि गरिबीबाट पिल्सिएकाले अझ धेरै अध्ययन गरी समाज परिवर्तनको लागि योगदान दिनु आवश्यक छ ।

उक्त भनाइ बाग्मती प्रदेश सांसद सृजना सैंजुले विद्यार्थी निकेतन माध्यमिक विद्यालयद्वारा आयोजित एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई तथा मार्गदर्शन कार्यक्रममा प्रमुख अतिथिको आसनबाट राख्नुभएको हो ।

उहाँले राज्यले गलत निर्णय गर्दा सचेत र देशभक्त विद्यार्थीहरूले खबरदारी गर्नु आवश्यक रहेको विचार राख्नुभयो । उहाँले राज्यले आफ्नै स्वाधीन अर्थतन्त्र विकास गरी देशमै युवा विद्यार्थीलाई रोजगारी सिर्जना नगरी वैदेसिक ऋण लिई देश सञ्चालन गर्न खोज्दा देश डुब्न सक्ने कुरा उल्लेख गर्दै त्यसले देशको सार्वभौमिकता झन् कमजोर हुने बताउनुभयो ।

कार्यक्रमका सभापति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले




सामाजिक ज्ञान नै सर्वोत्तम ज्ञान भएको हुँदा विद्यालयले सिकाइको घेरा फराकिलो बनाई समाजलाई कक्षाकोठाको रूपमा प्रयोग गर्न अब ढिला गर्न नहुने विचार राख्नुभयो ।

उहाँले विद्यालय अनुगमन भनेको शिक्षकलाई तर्साउने औपचारिक कार्यक्रम नभई विद्यालयको वातावरण थप प्रगतिउन्मुख बनाउने प्रोत्साहनमुखी प्रक्रिया भएको हुँदा हरेक विद्यालयहरूले व्यवहारिक ज्ञानलाई प्रश्रय दिई सामाजिक ज्ञान प्रदान गर्नु आवश्यक रहेको विचार राख्नुभयो । उहाँले अङ्क केन्द्रित ज्ञानभन्दा संवेगात्मक ज्ञानमा जोड दिनुपर्ने कुरा प्रस्तुत गर्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूले जीवनमा अगाडि बढ्न निरन्तर मेहेनत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले जीवनमा परिश्रम गर्दा सफलता हासिल भयो भनी विश्राम नलिई निरन्तर अगाडि बढिरहनुपर्ने विचार राख्नुभयो । 'आफ्नो ज्योति आफै बन्ने' भन्ने बुद्धको विचारबाट प्रेरित भई आफूले कार्य गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा विद्यार्थी प्रतिनिधिको रूपमा सुस्मिता चौलागाई र अस्मिता तामाङले आफ्नो विचार राख्नुभएको थियो । विद्यालयका प्रधानाध्यापक एन.बी. खाताखोले स्वागत, शिक्षिका सङ्गीता कायष्ठले धन्यवादज्ञापन तथा शिक्षक उद्धव दाहालले सञ्चालन गर्नुभएको थियो ।

एसईईमा उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो तथा सम्मानपत्र वितरण गरिएको थियो ।

## सुर्खेतमा बैठक सञ्चालन तथा मिसन पत्रकारिता कार्यशाला गोष्ठी

**प्रकाश ओझेल**

सुर्खेत, २७ असार । कर्णाली कला साहित्य समाज नेपाल, सुर्खेतको आयोजनामा मध्यपश्चिम विश्वविद्यालयमा बैठक तथा सभा सञ्चालन, मिसन पत्रकारिता र समाचार सम्प्रेषण विषयक एकदिवसीय कार्यशाला गोष्ठी शनिबार सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले वर्तमान पुँजीवादी व्यवस्थाको विकल्प अर्को पुँजीवाद हुन नसक्ने विचार व्यक्त गर्नुभयो । हिजोका पुराना दलहरूको विकल्प नयाँ भनिएका शक्तिहरू हुन नसक्ने जिकिर गर्दै उहाँले राजनीतिक दलहरूको जनविरोधी गतिविधिका कारण देशमा समाजवादी व्यवस्था र नेमकिपाको आवश्यकता झनै बढेको दाबी गर्नुभयो ।

नेमकिपा सुर्खेतका उपाध्यक्ष अक्कल रानाले कला र साहित्यको महत्त्वमाथि प्रकाश पार्नुभयो । रचनात्मक शैली र कलात्मक माध्यमबाट जनताले आफ्नो कुरा सरल रूपमा बुझ्ने भएकाले स्रष्टाहरूले कला-साहित्यको प्रयोगमार्फत देश र जनताको सच्चा सेवा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यशालाको प्राविधिक तथा वैचारिक सत्रहरूमा दुईवटा विधामा आधारित रहेर प्रशिक्षण प्रदान गरिएको थियो । पहिलो सत्रमा समाजका अध्यक्ष एवं प्रशिक्षक टीकाप्रसाद पोखरेलले बैठक तथा सभा सञ्चालन र पत्राचार विषयमा प्रशिक्षण दिनुभएको थियो । उहाँले बैठक बस्ने औपचारिक विधि, सभाहरूको सञ्चालन प्रक्रिया र आधिकारिक संस्थागत पत्राचारका विषयमा सरल र शिष्ट शैलीमा प्रशिक्षण दिनुभयो ।

दोस्रो सत्रमा प्रशिक्षक प्रकाश ओझेलले मिसन पत्रकारिता र समाचार सम्प्रेषण विषयमा केन्द्रित रहेर तालिम दिनुभएको थियो । उहाँले पत्रकारिताको ऐतिहासिक पृष्ठभूमि, व्यावसायिक पत्रकारिता र मिसन पत्रकारिताबिचको भिन्नता केलाउँदै समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने (५W १H) को नियम र शीर्षक छनोटको कलाबारे प्रस्ट पार्नुभयो ।

प्रशिक्षणकै क्रममा उहाँले विश्व इतिहासमा क्रान्तिकारी छाप छोडेका साहसी र मिसन पत्रकारहरू जोन रिड, अन्ना लुइस स्ट्रङ, भेरोनिका ग्वेरिन र मुन्ताजर अल जैदीको अतुलनीय योगदानको चर्चा गर्दै समाज रूपान्तरणका लागि प्रतिरोधी कलमको आवश्यकतामाथि जोड दिनुभयो ।

वैचारिक मन्थनका साथै कला र साहित्यको सुन्दर संयोजन रहेको उक्त कार्यशालामा स्रष्टाहरूले विभिन्न

*बाँकी पृष्ठ ८ मा*

***व्यङ्ग्यचित्रको कुनो***






युरो स्कूल काठमाडौंद्वारा आयोजित 'नयाँ युगमा चीनको नयाँ चित्र' शीर्षक चित्रकला प्रतियोगिताका सहभागी विद्यार्थी तथा नेपालका लागि चिनियाँ राजदूत भाङ माओमिङलगायत अतिथिहरू असार २७ गते शनिबार ।

*तस्बिर : मजदुर दैनिक*

# शीतलचिनीको व्यावसायिक उत्पादनमा जोडिएका भट्ट

कैलाली, २७ असार । कैलालीको गोदावरी नगरपालिका–२ तेघरीका किसान रामचन्द्र भट्ट शीतलचिनी ( मोरिङ्गा) को व्यावसायिक खेतीमा आबद्ध भई स्थानीय किसानका लागि प्रेरणाको स्रोत बन्नुभएको छ । उहाँले व्यावसायिक उत्पादनलाई विस्तार गर्दै स्वरोजगार बन्नुभएको हो ।

भट्टले एक बिघा आफ्नै जमिनमा व्यावसायिक रूपमा शितलचिनीको खेती गर्नुभएको छ । एक वर्ष अघिदेखि खेती गर्नुभएका उहाँले हाल खेतमा एक हजार २०० भन्दा बढी बिरुवा लगाउनुभएको छ । अझै आठ सय बिरुवा रोप्ने उहाँको योजना छ ।

भट्टको खेत अवलोकन गर्न दिनहुँ स्थानीय किसान पुग्ने गरेका छन् । परम्परागत खेतीसँगै उहाँले गर्नुभएको शीतलचिनीको व्यावसायिक उत्पादनबाट उत्प्रेरित भएका अवलोकनका लागि आउने किसानहरू बताउँछन् ।

कम लागतमा उत्पादन गर्न सकिने, तुलनात्मक रूपमा कम स्याहार गर्नुपर्ने तथा बजारको माग पनि बढ्दै गएकाले शीतलचिनीको खेती सुरुआत गरेको भट्टले बताउनुभयो । करिब रु. दुई लाख लगानीमा व्यवसाय सुरु गर्नुभएका उहाँले बजारको माग बढ्दै गएकाले खेती विस्तार गर्ने योजना बनाएको बताउनुभयो ।

"पोषकतत्वले भरिपूर्ण मानिने शीतलचिनी सुरुमा यसको उपयोगिताबारे धेरैलाई जानकारी थिएन", भट्टले भन्नुभयो, "पछिल्लो समय यसको फाइदाका बारेमा सबै जानकार हुन थालेपछि बजारमा माग बढ्न थालेको छ । यसको अझै प्रचारप्रसार हुन सक्यो भने व्यवसायले बजार पाउने सम्भावना अझै बढी हुनेछ ।"

भट्टले शीतलचिनीका पातबाट पाउडर बनाई प्याकेजिङ गरेर बिक्री गर्दै आउनुभएको छ । दुई सय १० ग्रामको खुद्रा मूल्य रु. ७०० र होलसेल मूल्य रु. ४०० रहेको जनाउँदै यसको बिक्रीबाट करिब ७० प्रतिशत फाइदा हुने उल्लेख गर्नुभयो । उहाँका अनुसार उत्पादित शीतलचिनीको पाउडर कैलालीको धनगढी, अत्तरिया, काठमाडौं, पोखरालगायत स्थानमा बिक्री हुने गरेको छ ।

शीतलचिनी कम पानीमा पनि राम्रोसँग हुर्कने भएकाले तराई क्षेत्रका किसानका लागि उपयुक्त बाली मानिन्छ । यसको नियमित हेरचार गरेमा वर्षौंसम्म उत्पादन लिन सकिने भएकाले लागत पनि तुलनात्मक रूपमा कम पर्ने भट्टले बताउनुभयो ।

कृषिविज्ञका अनुसार शीतलचिनीमा भिटामिन, क्याल्सियम, आइरन, प्रोटिन प्रशस्त हुने भएकाले यसको उपयोगिता दिनप्रतिदिन बढ्दै गएको छ । यो बहुउपयोगी औषधीय तथा पोषणयुक्त बिरुवा हो । यसको पात, फूल, कोसा, बीउ र जरासमेत विभिन्न प्रयोजनमा प्रयोग गरिन्छ । रासस

# सामाजिक विषयलाई उजागर गरेको चलचित्र 'गौँथली'

काठमाडौँ, २७ असार । डा. भोला रिजालले झन्डै २५ वर्ष अगाडि गीतिकथानक चलचित्र 'गौँथली' निर्माण गरेर प्रदर्शन गर्नुभएको थियो । चिकित्सकसँगै साहित्यकार समेत रहनुभएका उहाँले उक्त चलचित्रको कथा श्रीमती सरला रिजालको जीवनीसँग प्रभावित भएर तयार गर्नुभएको थियो ।

सानै उमेरमा विवाह बन्धनमा बाँधिनुभएकी सरलाको पढ्ने चाहना रोकियो । श्रीमानको हेरचाह गर्दै, श्रीमती र बुहारीको दायित्व निर्वाह गर्दा उहाँले अध्यनलाई निरन्तरता दिन पाउनुभएन् । यही कथालाई डा. रिजालले गीति कथानक चलचित्रका रूपमा तयार गर्नुभयो । जहाँ संवाद थिएन, तर भावना व्यक्त गरिएका थिए । सोही कथालाई संवादको स्वरूप दिएर डा. रिजालका छोरा डा. कपिलले सोही शीर्षक र कथामा चलचित्र 'गौँथली' तयार गर्नुभएको हो ।

आगामी साउन १ गतेदेखि प्रदर्शन हुने चलचित्र 'गौँथली' मा एसइईसम्म पढ्ने इच्छा बोकेकी बालिकाको सानै उमेरमा विवाह भएपछिको कथालाई देखाइएको छ । सानो उमेर, नयाँ परिवार र ठाउँ तथा पढ्ने चाहनालाई गौँथली नामक पात्रले कसरी पुरा गर्छिन् वा उनको सपना पुरा हुँदैन ? यही जिज्ञाशा चलचित्र 'गौँथली' मा छ ।

चलचित्रका निर्देशक डा. कपिलले शुक्रबार आयोजित अन्तरक्रियात्मक कार्यक्रममा चलचित्रको कथाले मनोरञ्जनसँगै सामाजिक विषयलाई उजागर गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि गौँथली छन्, केवल भन्न सकेका छैनन् वा बाहिर आएका छैनन् । मैले यो कथालाई नजिकबाट महसुस गरेको छु, बुवा (डा. भोला रिजाल) आज जुन स्थानमा हुनुहुन्छ, त्यहाँ पुग्न मेरी आमा (सरला रिजाल) ले धेरै त्याग गर्नुभएको छ । बाल्यकालमा विवाह भएर आएपछि बुवा आफ्नो अध्यनको शिलशिलामा बाहिर बस्नुहुन्थ्यो, त्यो समयमा घरसँगै हाम्रो दायित्व पनि आमाले निर्वाह गर्नुभएको हो । त्यही भावनालाई चलचित्रको स्वरूप दिएर तयार गरेका छौं ।"

बेलायतमा दन्त चिकित्सक रहनुभएका डा. रिजाल पछिल्लो समय चलचित्रको काममा व्यस्त हुनुहुन्छ । "मैले पहिलादेखि नै साङ्गीतिक श्रव्यदृश्य, छोटा चलचित्र बनाउँथे, रहर थियो । अहिले सही समयमा चलचित्र निर्देशन गरिरहेको छु, मेरा चलचित्रले मनोरञ्जनसँगै सामाजिक सन्देश पनि दिएका छन्", निर्देशक डा. रिजालले भन्नुभयो ।

उहाँले निर्देशन गर्नुभएका चलचित्र 'ह्यारीकी प्यारी' र 'गौँथली' मा स्वास्थ्यसँग सम्बन्धित विषय जोडिएको छ । 'ह्यारीकी प्यारी' मा वीर्य दानको विषयवस्तु तथा 'गौँथली' मा 'अटिजम्' भएका व्यक्तिको जीवनशैलीलाई प्रस्तुत गरिएको छ । ग्रामीण परिवेशमा तयार गरिएको चलचित्रमा 'अटिजम' भएका युवकको रूपमा अभिनेता अरुण क्षेत्री र एसइई उत्तिर्ण गर्ने सपना बोकेकी बालिकाको रूपमा अभिनेत्री सिम्रन खड्का देखिनुभएको छ ।

अभिनेता क्षेत्रीसामु चलचित्रमा 'अटिजम' भएको युवाको भूमिका कसरी निर्वाह गर्ने भन्ने चुनौती थियो । "अटिजमबारे मेरो बुझाइ फरक रहेछ, मैले बिस्तारै बुझ्न थाले । ती फरक क्षमता भएकासँग समय बिताए, उहाँहरूको मानसिकता र फरक क्षमतालाई बुझ्ने कोसिस गरे", उहाँले भन्नुभयो ।

उक्त चलचित्रकी अभिनेत्री सिम्रन खड्काले आफूले निर्वाह गरेको पात्रका बारेमा सोच्दा पनि असहज हुने गरेको बताउनुभयो । "म वा मेरो पुस्ताले गौँथलीले भोग्नु परेको कठिनाइ र गर्नु परेको सङ्घर्ष सुन्दा पनि असहज हुन्छ, चलचित्रको माध्यम अन्यभन्दा सशक्त छ, त्यसैले यसले मनोरञ्जनसँगै सामाजिक सन्देश दिन्छ", उहाँले भन्नुभयो ।

निर्माता सुमन गिरीले यसअघि '६ एकान ६', 'वडा नम्बर ६', 'छक्का पञ्जा' जस्ता चलचित्रमा काम गर्नुभयो । निर्माण र चलचित्र 'प्रोडक्सन' मा जोडिनुभएका उहाँले सामाजिक दायित्व बुझेर चलचित्र 'गौँथली' निर्माण गरेको बताउनुभयो ।

"हामीले हाँस्यप्रधान वा अन्य मनोरञ्जनात्मक चलचित्र निर्माण गर्न सक्थ्यौं, तर सामाजिक विषयलाई दर्शकसामु ल्याएका छौं । यसले मनोरञ्जनसँगै केही सिकाउँछ, हामीले गौँथलीलाई पुनः दर्शकमाझ संवाद राखेर ल्याएका छौं", निर्माता गिरीले भन्नुभयो ।

उक्त चलचित्रमा अभिनेता क्षेत्री र अभिनेत्री खड्कासँगै मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारले अभिनय गर्नुभएको छ । डा. भोला रिजालको कथामा आधारित उक्त चलचित्रको संवाद निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गर्नुभएको हो । निर्देशक रिजालले 'गौँथली' ले घर, परिवार र आपसी सामीप्यताको प्रतीकात्मक अर्थ बोकेको बताउनुभयो । रासस

# तीन महिनाभित्र वधशाला ऐन लागू गर्न निर्देशन

काठमाडौँ, २७ असार । कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले तीन महिनाभित्र पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ ।

शुक्रबार काठमाडौँ उपत्यकाका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसँग छलफलका क्रममा उहाँले प्रक्रिया सुरु गरेर प्रभावकारी रूपमा ऐन कार्यान्वयनका लागि निर्देशन दिनुभएको हो ।

मन्त्री चौधरीले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित विषय भएकाले स्वच्छ, गुणस्तरीय र परीक्षण गरिएको मासु उपभोग गर्ने नागरिकको अधिकार सुनिश्चित गर्न ऐन कार्यान्वयन अपरिहार्य रहेको बताउनुभयो । उहाँले सर्वोच्च अदालतले समेत ऐन कार्यान्वयनका लागि परमादेश जारी गरिसकेको उल्लेख गर्दै सङ्घ, प्रदेश र स्थानीय सरकार सबैले आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

स्थानीय तह नागरिकसँग प्रत्यक्ष जोडिएको निकाय भएकाले वधशाला व्यवस्थापन, मासु पसलको अनुगमन, मासु परीक्षण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो ।

मन्त्री चौधरीले पशु ढुवानी, वध प्रक्रिया र मासु वितरण प्रणालीलाई समेत व्यवस्थित तथा नियमन गर्नुपर्ने आवश्यकता औँल्याउँदै धार्मिक तथा सांस्कृतिक परम्परालाई सम्मान गर्ने गरी ऐनमा आवश्यक लचकता राखिएको जानकारी दिनुभयो । मन्त्रालयले ऐन कार्यान्वयनका लागि आवश्यक सहजीकरण, समन्वय र प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गरेको छ । रासस

# राष्ट्र बैङ्कद्वारा निष्क्रिय खाता कार्ययोजना बनाई न्यूनीकरण गर्न निर्देशन

काठमाडौँ, २७ असार । नेपाल राष्ट्र बैङ्कअन्तर्गतको बैङ्क तथा वित्तीय संस्था नियमन विभागले बैङ्क तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ ।

राष्ट्र बैङ्कले इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैङ्क, 'ख' वर्गका विकास बैङ्क र 'ग' वर्गका फाइनान्स कम्पनीहरुलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो ।

राष्ट्र बैङ्कले इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेललगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ ।

त्यस्तैगरी इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ । इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैङ्कद्वारा जारी एकीकृत निर्देशिकामा उल्लेख गरिएको छ ।

राष्ट्र बैङ्कले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमार्फत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैङ्क तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ ।

राष्ट्र बैङ्कले इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरूपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ । राष्ट्र बैङ्कले इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थामा रहेका निष्क्रिय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैङ्क तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ । रासस

# विपद् तयारीका लागि साढे दुई करोडभन्दा बढीका उपकरण हस्तान्तरण

हेटौँडा, २७ असार । बागमती प्रदेश सरकारले विपद्को पूर्वतयारीलाई सुदृढ बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई रु. दुई करोड ४७ लाख १२ हजार ३१० बराबरका उद्धार सामग्री तथा उपकरण हस्तान्तरण गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नेपाली सेनालाई रु. ७५ लाख ६२ हजार ३००, नेपाल प्रहरीलाई रु. ५४ लाख ६६ हजार ४८८ र सशस्त्र प्रहरी बललाई रु. एक करोड १६ लाख ८३ हजार ५२२ बराबरका विपद् पूर्वतयारीका सामग्री उपलब्ध गराउनुभयो । हस्तान्तरण गरिएका सामग्रीमा अत्याधुनिक ड्रोन तथा बाढीबाट उद्धारका लागि आवश्यक उपकरण समावेश छन् ।

यसअघि मुख्यमन्त्री बानियाँले वर्षाजन्य तथा अन्य विपद्को पूर्वतयारी, राहत सामग्री व्यवस्थापन र सुरक्षा संयन्त्रको उच्च सतर्कताबारे नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूसँग छलफल गर्नुभएको थियो ।

सो अवसरमा उहाँले वर्षा सुरु भएसँगै बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले विपद् पूर्वतयारीलाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो ।

मुख्यमन्त्री बानियाँले विगतका विपद्बाट प्राप्त अनुभवका आधारमा सम्भावित जोखिमको पूर्वानुमान, राहत सामग्रीको व्यवस्थापन, सूचना प्रणालीको समन्वय र सुदृढीकरण तथा उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँले प्रदेशभरका सम्भावित बाढी, पहिरो र डुबान प्रभावित क्षेत्रको अध्ययन भइरहेको जानकारी दिँदै विपद् व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो । प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाबिच सूचना आदानप्रदानलाई व्यवस्थित बनाइने पनि उहाँले जानकारी दिनुभयो ।

## सङ्क्षिप्त समाचार

# कार्यवाहक प्रमुख निर्वाचन आयुक्तमा डा. तुलाधर

काठमाडौँ, २७ असार । निर्वाचन आयोग नेपालको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी आयुक्त डा. जानकीकुमारी तुलाधरले सम्हाल्नुभएको छ ।

यसअघिका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी यही असार २३ गते ६५ वर्षे उमेर हदका कारण अवकाश भएपछि त्यसपछिको वरियतामा रहनुभएका आयुक्त डा. तुलाधरलाई सो जिम्मेवारी सरेको हो। आयुक्त भण्डारीकै नेतृत्वमा गत फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो। पाँच सदस्यीय हुने आयोगका हाल आयुक्त डा. तुलाधर र आयुक्त सगुनशमशेर जबरा कायम हुनुहुन्छ ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको २०८२ वैशाख ५ गते र तत्कालीन निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेलको २०७९ फागुन ४ गते कार्यकाल सकिएको थियो ।

संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तका लागि सिफारिस गरिएका तीन जनाविरुद्ध उजुरी आह्वानसहित सुनुवाइ प्रक्रिया सुरु गरेको छ। संवैधानिक परिषद्ले मानबहादुर कार्की (मोरङ) लाई प्रमुख निर्वाचन आयुक्त तथा डा. राजीव सुब्बा (काठमाडौँ) र गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा) लाई निर्वाचन आयुक्तमा सिफारिस गरेको छ । रासस

# नवीकरण नगर्ने ४४ निर्माण कम्पनीको इजाजत खारेज

काठमाडौँ, २७ असार । पूर्वाधार विकास मन्त्रालयले निर्माण व्यवसाय इजाजतपत्र नवीकरण नगर्ने ४४ फर्म तथा कम्पनीको इजाजतपत्र स्वत: खारेजी भएको जनाएको छ ।

पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा (३) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि २०८२ चैत मसान्तभित्र अनिवार्य रूपमा इजाजतपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेकामा सो अवधिभित्र नवीकरण नगरेका ४४ वटा निर्माण व्यवसायीको इजाजतपत्र स्वत: खारेजी भएको सूचनामा उल्लेख गरिएको छ ।

मन्त्रालयले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम स्वत: खारेज भएको सूचनामा उल्लेख गरिएको छ। मन्त्रालयले सोही ऐनको दफा ७ (४) प्रयोजनाको लागि मन्त्रालयको सचिवस्तरको गत असार १७ गतेको निर्णयानुसार सूचना प्रकाशन गरेर जानकारी दिएको हो। रासस

# 'अनेसास' को अध्यक्षमा सुवेदी

वाशिङटन डिसी (अमेरिका), २७ असार । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज 'अनेसास'को अध्यक्षमा साहित्यकार तथा कवि लालगोपाल सुवेदी विजयी हुनुभएको छ ।

शुक्रबार सम्पन्न निर्वाचनको नतिजा अनुसार वरिष्ठ उपाध्यक्षमा तारा अधिकारी, महासचिवमा राजु सिटौला र अमेरिका क्षेत्रीय उपाध्यक्षमा शकुन ज्ञवाली निर्वाचित हुनुभएको छ ।

नवगठित कार्यसमितिको सदस्यमा राजेन्द्र केसी, डा. पारसमणी दङ्गाल, हरिमाया अधिकारी, महेश्वर पन्त र मिरा कोइराला निर्वाचित भएका छन्। यस अगाडि एशिया क्षेत्रका उपाध्यक्ष दिनेशराज ज्ञवाली, युरोप क्षेत्रका उपाध्यक्ष राज श्रेष्ठ र ओसियाना क्षेत्रका उपाध्यक्ष डा. प्रकाश पौडेल, सचिव ऋषभराज घिमिरे र कोषाध्यक्ष पुष्पा खनालमा निर्विरोध निर्वाचित भइसकेका छन्।

समितिको कार्यकाल दुई वर्षको हुनेछ। अनेसास प्रवासमा छरिएर रहेका साहित्यकार, लेखक तथा कविको साझा थलोको रूपमा विगत तीन दशकभन्दा बढी समयदेखि क्रियाशील रहँदै आएको छ। रासस

**कल्याण** बचत तथा ऋण सहकारी संस्था लि.
Kalayan Saving & Credit Co-operative Society Ltd.
तौलाछें, भक्तपुर, फोन: ६६१९२१९
२०६४

**कर्जा र ब्याज चुक्ता गर्न आउनेबारे १५ दिने सार्वजनिक सूचना**

यस संस्थाबाट मिति **२०८३/२/२४** मा **'मजदुर' दैनिक** पत्रिकामा कर्जा र ब्याज चुक्ता गर्न आउनेबारेको **३५ दिने** प्रकाशित सूचनाअनुसार हालसम्म पनि ऋण र ब्याज चुक्ता गर्न नआएका ऋणीहरूका लागि **१५ दिने** सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र ऋण/ब्याज चुक्ता गर्न नआएका ऋणी सदस्यहरूउपर ऋण/ब्याज चुक्ता नभएमा सहकारी ऐन-२०७४, सहकारी नियमावली-२०७५, सहकारी ऐन (पहिलो संशोधन)-२०८३ र प्रचलित कानुनअनुसार गर्न बाध्य हुन जाने व्यहोरा सम्पूर्ण ऋणी सदस्य महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित भएको व्यहोरा जानकारी गराइन्छ ।



**अरुण नदीको कातिकेघाट पुल**
भोजपुर र सङ्खुवासभालाई जोड्ने अरुण नदीमाथि निर्माण गरिएको कात्तिकेघाट पक्की पुल । यो पुलले यहाँका उत्तरी क्षेत्रका नागरिकलाई आवतजावतमा सहजता थपेको छ । *तस्बिर : युवराज विष्ट/रासस*

# उपचार सेवा विस्तारसँगै सुदूरपश्चिममा कालाजारका बिरामी घट्दै

कञ्चनपुर, २७ असार । सुदूरपश्चिम प्रदेशमा कालाजार (लिस्मानियासिस) का बिरामीको सङ्ख्या पछिल्ला केही वर्षयता निरन्तर घट्दै गएको छ। अस्पतालमा उपचार सेवा विस्तार, दक्ष स्वास्थ्यकर्मीको उपलब्धता, नि:शुल्क औषधि तथा परीक्षण, सङ्क्रमितको सक्रिय खोजपड्ताल र रोग सार्ने भुसुनाको निगरानी प्रभावकारी बन्दै जाँदा सङ्क्रमण घट्दै गएको हो।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय, दीपायलका कीट नियन्त्रण निरीक्षक हेमराज जोशीका अनुसार विगतमा कालाजारको उपचार धनगढीमा मात्रै उपलब्ध थियो। पछि त्यो सेवा महेन्द्रनगरसम्म विस्तार भयो। अहिले अधिकांश प्रादेशिक तथा जिल्ला अस्पतालमा परीक्षण र उपचारको सुविधा पुगेको छ। स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि, आवश्यक औषधि, परीक्षण कीट तथा दक्ष जनशक्तिको व्यवस्थापनका साथै सङ्क्रमित भेटिएका गाउँमा सक्रिय खोज अभियान सञ्चालन गरिएकाले कालाजारका बिरामीको सङ्ख्या घट्दै गएको उहाँले बताउनुभयो।

रोग सार्ने 'फ्लेबोटोमस अर्जेन्टाइपिस' नामक भुसुनाको नियमित अध्ययन र नियन्त्रणका कार्यक्रमसमेत प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका कीट नियन्त्रण निरीक्षक जोशीले बताउनुभयो। उहाँका अनुसार सुदूरपश्चिममा सन् २०२३ मा ६३, सन् २०२४ मा ४६, सन् २०२५ मा २६ र सन् २०२६ को जुलाई ९ तारिखसम्म १३ जना कालाजारका बिरामी फेला परेका छन्।

राष्ट्रियस्तरमा भने सन् २०२३ मा २४९, सन् २०२४ मा ३१८, सन् २०२५ मा २४९ र सन् २०२६ को जुलाई ९ तारिखसम्म ११५ जना सङ्क्रमित पुष्टि भएका कीट नियन्त्रण निरीक्षक जोशीले जानकारी दिनुभयो। "कालाजार 'लिस्मानिया' नामक परजीवीका कारण हुने किटजन्य सरुवा रोग हो। सङ्क्रमित भुसुनाले टोकेपछि परजीवी मानिसको शरीरमा प्रवेश गरी विभिन्न अङ्गमा असर पुऱ्याउँछ, यसको सबैभन्दा गम्भीर प्रकार भिसेरल लिस्मानियासिस (कालाज्वर) हो। जसले कलेजो, फियोलगायत शरीरका प्रमुख भित्री अङ्गमा असर पुऱ्याउँछ, समयमै उपचार नभए बिरामीको मृत्युसमेत हुन सक्छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार कटेनियस लिस्मानियासिस (छालाको कालाज्वर) ले छालामा घाउ र दाग बनाउँछ भने 'म्युकोकुटेनियस लिस्मानियासिस'ले नाक, मुख र घाँटीभित्रको म्युकस झिल्लीमा असर पुऱ्याइ अङ्गको बनावटसमेत बिगार्न सक्छ। 'पोस्ट कालाजार डर्मल लिस्मानियासिस' भने कालाजार निको भएपछि छालामा देखिने दाग वा बिमिरा भन्दै कीट नियन्त्रण निरीक्षक जोशीले यसले सङ्क्रमण फैलाउन भूमिका खेल्ने भएको आवश्यक सचेतना अपनाउनुपर्नेमा जोड दिनुभयो।

कालाजारको सङ्क्रमण भएमा लामो समयसम्म लगातार ज्वरो आउने, तौल घट्दै जाने, शरीर कमजोर हुने, रगतको कमी देखिने, कलेजो र प्लीह ठुलो हुने, छालामा घाउ वा दाग देखिने तथा नाक वा मुखभित्र घाउ हुनेजस्ता लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा परीक्षण गराउनु पर्दछ। समयमै उपचार गरे कालाजार पूर्ण रूपमा निको हुने बताउँदै उहाँले बेवास्ता गर्दा यसले ज्यानसमेत जानसक्ने भएकाले लक्षण देखिएमा तत्काल उपचार गराउन उहाँले सबैलाई आग्रह गर्नुभयो।

स्वास्थ्य निर्देशनालयका अनुसार कालाजारबाट बच्न भुसुनाको टोकाइबाट जोगिनु सबैभन्दा प्रभावकारी उपाय हो। झुल प्रयोग गर्ने, शरीर ढाक्ने लुगा लगाउने, घर वरिपरिका झाडी सफा गर्ने, भित्ताका चिरा पुरेर भुसुना बस्ने स्थान नष्ट गर्ने तथा आवश्यक परे कीटनाशक औषधि छर्कने उपाय अपनाउनुपर्ने कीट नियन्त्रण निरीक्षक जोशीले सुझाव दिनुभयो।

उहाँका अनुसार अहिले वर्षायामको सुरुआत भएकाले बिरामीको सङ्ख्या कम देखिए पनि वर्षा र त्यसपछिको मौसममा सङ्क्रमण बढ्ने सम्भावना रहन्छ। विशेषगरी जनवरीदेखि अक्टोबरसम्म कालाजारका बिरामी बढी देखिने गरेका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को सहयोगमा गरिएको अध्ययनले सुदूरपश्चिमका नौ जिल्लाका ८८ स्थानीय तहमध्ये करिब आधा क्षेत्रमा कालाजार सार्ने भुसुना फेला परेको देखाएका कीट नियन्त्रण निरीक्षक जोशीले जानकारी दिनुभयो।

सन् २०२५ मा प्रदेशमा सबैभन्दा बढी कैलालीमा ११ जना र त्यसपछि कञ्चनपुरमा कालाजारका बिरामी भेटिएका थिए। हाल जिल्ला अस्पतालमा कालाजारको परीक्षण, औषधि र उपचार नि:शुल्क उपलब्ध छ। आवश्यक औषधि र परीक्षण किट डब्लुएचओको सहयोगमा उपलब्ध गराइँदै आएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

नेपाल सरकारले सन् २०२६ भित्र 'भिसेरल लिस्मानियासिस' लाई सार्वजनिक स्वास्थ्य समस्याका रूपमा उन्मूलन गर्ने लक्ष्य लिएर निगरानी, उपचार र जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउँदै आएको छ। रासस

# वर्षा नहुँदा रौतहटका खेत बाँझै

चन्द्रपुर (रौतहट), २७ असार । यहाँको चन्द्रपुर नगरपालिका-२ सखुवानीका किसान खुशबहादुर बम्जन दैनिकजसो खेत पुगेर आकाश हेर्दै फर्किनुहुन्छ। असारको २७ गते बितिसक्दासमेत यस वर्ष रोपाइँको टुङ्गो नहुँदा उहाँ निराश हुनुहुन्छ।

धानको बीउ तयार छ तर खेत पूरै सुक्खा छ। खेतमा सिँचाइको सुविधा नहुँदा यहाँका भेगका बम्जनसहित सयौँ किसान आकाश हेर्न बाध्य छन्। गत वर्ष पनि समयमा वर्षा नहुँदा सिँचाइ अभावले धान रोप्न नपाउनुभएका बम्जनले यस वर्ष भने रोपाइँ गर्ने योजना बनाउनुभएको थियो। अहिले आकाशे पानीको भरमा बस्नु परिरहेकाले रोपाइँ अन्योल बनेको उहाँको भनाइ छ। "रोपाइँका लागि आलीघारी जोतखन तयार छ तर पानीको व्यवस्था नहुँदा समस्या भइरहेको हो, खेत पूरै बाँझै छन्", बम्जनले भन्नुभयो।

यस्तै समस्या र चिन्तामा हुनुहुन्छ सोही गाउँका कुलदीप चौधरी। "गत वर्ष सिँचाइ नहुँदा रोपाइँ नभएको खेत अहिले पनि बाँझै रहने चिन्ता छ। अहिलेसम्म पर्याप्त पानी परेको छैन, बीउ बढ्नमै सुकेका छन्। कहिले रोपाइँ गर्ने अन्योलमा छौँ", उहाँले भन्नुभयो। आकाशे पानीको भरमा बस्नुपर्ने, वैकल्पिक सिँचाइको व्यवस्था नहुनेलगायत कारणले खेत बाँझै हुन थालेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो।

किरण बम्जन, बाबुराम घिसिङ, उमेश चौधरीलगायत यहाँका सयौँ किसानलाई गत वर्ष बाँझो बनेका खेत यस वर्ष पनि रोपाइँ नहुने हो कि भन्ने चिन्ता बढेको छ।

जिल्लामा करिब ३८ हजार ५०० हेक्टर जमिन धान रोप्न योग्य भए पनि हालसम्म छ हजार १६० हेक्टरमा मात्रै धान रोपाइँ भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सुरेन्द्र कुर्मीले जानकारी दिनुभयो। यतिबेलासम्म करिब ४५ देखि ५० प्रतिशत रोपाइँ हुनुपर्ने बताउँदै उहाँले प्रयाप्त वर्षा नहुँदा करिब १६ प्रतिशत रोपाइँ भाएको उल्लेख गर्नुभयो।

बागमती सिँचाइ आयोजनाले रौतहटको करिब १३ हजार हेक्टर र झाँझ सिँचाइ आयोजनाले करिब चार हजार ५०० हेक्टर जमिन सिंचित गर्दै आएको कार्यालय प्रमुख कुर्मीले जानकारी दिनुभयो। उहाँका अनुसार बागमती सिँचाइबाट चन्द्रपुर नगरपालिकाको आधा भूभाग, वृन्दावन, गुजरा, गढीमाई, माधवनारायण नगरपालिका तथा दुर्गाभगवती गाउँपालिकामा सिँचाइ सुविधा पुगेको छ।

त्यस्तै झाँझ आयोजनाअन्तर्गत गरुडा, माधवनारायण, गढीमाई नगरपालिका र यमुनामाई गाउँपालिकामा सिँचाइ पुगेको छ। स्यालो ट्युबवेलबाट २० प्रतिशत खेतीयोग्य जमिन सिञ्चित हुने कुर्मीले जानकारी दिनुभयो। स्यालो ट्युबेल तरकारीखेतीमा बढी प्रयोग हुने गरेको उहाँको भनाइ छ। उहाँका अनुसार नारायणी सिँचाइ व्यवस्थापन कार्यालयअन्तर्गत गण्डक नहरको पानी रौतहट भित्र्याउनसके चार वटा पालिकामा सिँचाइ पुग्ने उहाँले बताउनुभयो।

उक्त नहर सरसफाइ गरेर पानी रौतहट ल्याउनसके यहाँका बौधीमाई, राजपुर, परोहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका खेत सिञ्चित हुने कार्यालय प्रमुख कुर्मीले उल्लेख गर्नुभयो। उहाँका अनुसार बौधीमाई नगरपालिकाको बङ्कुलबाट दुर्गाभगवती गाउँपालिकाको बडहर्वासम्म गण्डक नहर विस्तार भए पनि लामो समयदेखि उक्त नहरमा पानी आउन सकेको छैन।

रौतहटको कुल ५२ हजार २०० हेक्टर खेतीयोग्य जमिनमध्ये करिब ३८ हजार ५०० हेक्टरमा धान रोपिँदै आइएको उहाँले जानकारी दिनुभयो। कार्यालय प्रमुख कुर्मीका अनुसार गत वर्ष रौतहटमा करिब ३१ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो। मनसुन सक्रिय भई निरन्तर वर्षा भए केही दिनभित्र रोपाइँले गति लिने उहाँले बताउनुभयो। रासस

**। सम्पादकीय ।**

# गाँजा, लागूपदार्थ र विदेशीको चलखेल

जानकारहरूका अनुसार ८० वर्ष पहिलेदेखि नै नेपालमा गाँजा खुला थियो । मन्दिर-मन्दिर र भजन घरमा ‘हरेराम, हरेकृष्ण’ को भजनपछि गाँजा खानु अत्यन्त स्वाभाविक थियो । त्यस्तै पसल पसलमा चियामा समेत ‘चरेस’ राखेर ‘ग्राहक’ र ‘उपभोक्ता’ हरू तान्ने गर्थे । काठमाडौँ उपत्यकामा समेत खेतखेतका डिलहरूमा गाँजा उम्रिन्थ्यो र त्यही उपयोग गर्थे । तर, चराचुरुङ्गीहरूले खाएको ‘बियाँ’ र ‘विष्टा’ ले घाम-पानी पाएर हरेक झिङ्टी छाना भएका मन्दिरहरूमा र साधारण जनताको घरको छानामा गाँजा उखेल्ने झन्झट हुन्थ्यो ।

सम्भवत: त्यसैले मन्दिर र घरको हेरचाहको निम्ति वर्षाभन्दा अघिल्लो महिनामै र असार-साउन-भदौपछि असोज-कार्तिक महिनामा ‘पोल्हँ वाय्केगु’ अर्थात् ‘छाना मर्मत’ गर्ने गर्थे । त्यसैबेला वर्षाको पानीले झिङ्टीको तलका काठ र चुकुलहरूको स्याहार वा फेर्ने काम पनि गर्थे । त्यो एउटा नियम र सांस्कृतिक सम्पदाको संरक्षणको एक नियम र सभ्यताकै अङ्ग थियो ।

अहिले गुठी अड्डा, पुरातत्त्व विभाग, नगरपालिका र वडा समितिहरूको ध्यान जानु आवश्यक छ । नत्र, हाम्रा कला-संस्कृति ‘जोगाउनु’ भन्दा ‘यो पुस्ताले कला संस्कृति संरक्षणको नाममा र उपभोक्ता समितिको नाममा ‘ठेकेदारहरू’ पोस्ने काम हुनेछ भन्ने व्यापक चर्चा छ । सबै सचेत रहनु आवश्यक छ ।

‘गण्डकीमा गाँजालाई वैधता दिने कानुन बन्यो’ (अन्नपूर्ण पोस्ट, २६ असार २०८३) । पञ्चायतकालदेखि नै भित्रभित्र विदेशीहरूले ‘लागूऔषध’लाई छुट दिने कोसिस गर्दै थिए । तर, प्रजातन्त्र र गणतन्त्रपछि पनि यो ‘लागूपदार्थको व्यापार बढ्दै गएको सबैलाई थाहा छ ।

नेपालमा आज पनि संरा अमेरिकाकै ‘गाँजा’ र ‘लागूपदार्थ’ भित्रिरहेको व्यापक चर्चा छ । अङ्ग्रेजीमा त्यसलाई ‘खुलमखुला र गुप्त’ (ओपन सेक्रेट) भनिन्छ । संसारमा सबभन्दा लागूपदार्थको व्यापार अमेरिकामै हुने बताइन्छ । अमेरिकी सरकार भने मन नपरेको हरेक सरकार र राष्ट्रपतिहरूलाई लागू औषधिको कारोबारी भन्ने आरोपको क्रममा पनामाका राष्ट्रपतिलाई थुनेर हत्या गरियो । आज भेनेजुयलाका राष्ट्रपति माडुरो र उहाँकी जहान श्रीमती माडुरोलाई अपहरण गरेर बन्दीगृहमा राखिएका छन् । यसकारण, लागूऔषधको विरोध गर्नुभन्दा ‘लागूऔषध कारोबार राष्ट्रिय चुनौती’ र ‘सहकार्यमा मात्र नियन्त्रण सम्भव’ बताइन्छ । नागरिक दैनिक, २६ असार २०८३)

# बचतकर्तालाई रु. १० हजारदेखि एक लाखसम्म फिर्ता गरिँदा चोरलाई सिँढी नबनोस्

‘सिभिल बचत तथा ऋण सहकारी संस्था’, ‘सुमेरू बचत तथा ऋण सहकारी संस्था’, ‘लालीगुराँस बचत तथा ऋण सहकारी संस्था’, नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था’ तथा ‘दर्शन बचत तथा ऋण सहकारीहरूको वाग्मती प्रदेशको ‘समस्याग्रस्त सहकारी व्यवस्थापन समिति’ को कार्यालयले साना बचतकर्ताको ऋण फिर्ता गरेको समाचारले सबै सहकारीको ध्यान आकर्षित गऱ्यो ।

राससको समाचारअनुसार असार मसान्तसम्ममा सबै साना बचतकर्ताको रकम फिर्ता गर्ने योजनाअनुसार बन्दोबस्त गरिँदै छ ।

तर, १० हजारदेखि एक लाखसम्मको बचतकर्ताको बचत फिर्ता गर्दा यदि १० वर्षदेखि बचत गरेका बचतकर्ताको साँवा मात्र फिर्ता बचतकर्ताले आफ्नो ‘पुँजी’ लगानीको ‘ब्याज’ वा ‘नाफा’ के हुन्छ भन्ने पहिलो प्रश्न आउनेछ ।

दोस्रो प्रश्न हो, आजको १० हजारदेखि १ लाख रकम फिर्ता दिँदा हिजो ‘बचत’ राख्दाको बचतको तुलना नभए पनि प्रतिवर्ष ३ प्रतिशतले मात्र मुद्रास्फीतिको हिसाब गर्दा १ लाख राख्ने बचतकर्ताले ७० हजार मात्र रकम पाएको बराबर हुन्छ ।

तेस्रो, बचतलाई प्रयोग गर्ने व्यक्तिले करोडौँ रकम देश वा विदेशमा लगानी गर्दा उनले पाएको ‘नाफा’ बचतकर्ताहरूलाई कसले दिने ? प्रतिवर्ष ३ प्रतिशत मात्र त्यस बचतको नाफा हुने भए पनि बचतकर्ताले अर्को ३० हजार रकम ‘गुमाउने’ वा ‘त्याग’ गर्नुपर्ने भयो !

रु. १ लाखको बचतकर्ताले ४० हजार मात्र पाएको अर्थ लाग्छ । लाखौँ, करोड मात्र होइन अर्बौं रूपैयाँको रकमको ‘ब्याज’ र ‘नाफा’ कसले तिर्ने ?

खबरदारी गर्नुपर्ने मुख्य विषय हो - ‘नीतिगत भ्रष्टाचार गर्ने मन्त्री, सचिव र सम्बन्धित विशेषज्ञहरू’ र ‘सहकारी संस्थाका सञ्चालकहरूको आकाश छुने सम्पत्ति शोषण र भ्रष्टाचार गरी थुपारेको अर्बौं रकम के गर्ने ?

यसबारे टुङ्गो लगाइएन भने ‘चोरलाई सिँढी’ हुनेछ । सरकारी रकम नदिई भ्रष्टाचारीहरूकै घर घरानाबाट असुलउपर गर्ने र अपराधीलाई श्रम शिविरमा राखेर उत्पादनमूलक कार्य गराउनु आवश्यक छ । जनतामा यसबारे ठूलो चर्चा छ ।

# इजिप्ट–अर्जेन्टिना विश्वकप खेल कसरी प्यालेस्टिनमाथिको जनमतसङ्ग्रह बन्यो ?

✍ मोहम्मद एल्मासरी

*(प्रतिस्पर्धात्मक आह्वान र प्रतिद्वन्द्वी झन्डाले प्यालेस्टिनले अब खेलकुदमा शक्ति र निष्पक्षतामाथिको बहसलाई कसरी आकार दिन्छ भनेर देखाएको छ ।)*



मङ्गलबार एटलान्टामा इजिप्ट र अर्जेन्टिनाबिचको फिफा विश्वकपको अन्तिम १६ को खेल सम्भवत: प्रतियोगिताको सबैभन्दा विवादास्पद खेल र राजनीतिक रूपमा सबैभन्दा परिणाममुखी खेल दुवै हुन गयो ।

डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाविरुद्ध १-० ले अग्रता लिएपछि, इजिप्टको दोस्रो गोल विवादास्पद रूपमा अस्वीकृत गरिएको थियो र अर्जेन्टिनाको गोलको भिडियो समीक्षाको लागि  अनुरोध अस्वीकार गरियो ।

प्रशंसक र विज्ञहरूले भिडियो समीक्षा (VAR) असमान रूपमा प्रयोग गरिएको र इजिप्टको ३-२ को हार अन्यायपूर्ण भएको गुनासो गरे ।

इजिप्टका प्रशिक्षक होसम हसनले खेल ‘निष्पक्ष’ नभएको बताए र फिफाले अर्जेन्टिना र यसको विश्वव्यापी सुपरस्टार लियोनेल मेस्सीलाई प्रतियोगितामा अगाडि बढाउन चाहेको बताए ।

इजिप्टको फूटबल सङ्घले बुधबार औपचारिक उजुरी दर्ता गराएको थियो । सायद खेलको विवादास्पद अन्त्यमा लुकेको अझ ठूलो कथा छ । इजिप्ट-अर्जेन्टिना खेल कसरी प्यालेस्टिनी सङ्घर्षको पछिल्लो सङ्केतमा परिणत भएको तरिका ।

बढ्दो रूपमा, इजरायल र प्यालेस्टिनको स्थितिलाई राजनीतिक र नैतिक निष्ठाको मापनको रूपमा हेरिन्छ, जबकि प्यालेस्टिनी मुद्दा खेलकुदभित्र देखिने राजनीतिक विभाजन रेखाको रूपमा देखा परेको छ । पछिला खेलकुदको स्मृतिमा यो कुरा इजिप्ट-अर्जेन्टिना खेलभन्दा स्पष्ट अरू कतै भएको थिएन ।



जुलाई ७, २०२६ मा अमेरिकाको जर्जियाको एटलान्टा रङ्गशालामा अर्जेन्टिना र इजिप्टबिचको अन्तिम १६ को खेलपछि स्ट्यान्डमा प्यालेस्टिनी झन्डा बोकेका इजिप्टका प्रशंसकहरू ।

खेलको सुरु हुनुभन्दा अगाडि, हसनले प्यालेस्टिनी दुर्दशालाई उजागर गर्न आफ्नो प्लेटफर्म प्रयोग गरे । जुलाई ३ मा इजिप्टको टोलीको पहिलो विश्वकप नकआउट खेल जितपछि, हसनले खेलपछिको पत्रकार सम्मेलनमा मैदानमा प्यालेस्टिनी झन्डा फहराए र जित प्यालेस्टिनीलाई समर्पित गरे ।

त्यसपछि उनले सोमबार खेलपूर्वको पत्रकार सम्मेलनमा प्यालेस्टिनीहरूको पीडाको बारेमा भावुक भाषण दिए । आफ्नो टिप्पणीको एक अंशको रूपमा हसनले भने कि जो कोही प्यालेस्टिनीहरूप्रति दया महसुस गर्दैन, ‘त्यो मानिस होइन’ ।

इजरायल र प्यालेस्टिन वरपरको राजनीति पनि खेल प्रशंसकका अनुभवमा फैलियो ।  खेलको क्रममा, गाजामा प्यालेस्टिनीहरूले इजिप्टको झन्डा फहराउँदै इजिप्टको टोलीको जयजयकार गरे ।

यसैबिच, रङ्गशालाभित्र इजिप्टका र अर्जेन्टिनाका समर्थकहरूले यता उता झन्डा तेर्साए, अर्जेन्टिनाका समर्थकहरूले इजरायली झन्डा उठाएका थिए र इजिप्टका समर्थकहरूले प्यालेस्टिनीको झन्डा उठाएका थिए ।

**राजनीतिक उल्झनहरू**

अर्जेन्टिनाका समर्थकहरूमाझ इजरायली झन्डाको उपस्थिति उल्लेखनीय र प्रतीकात्मक रूपमा महत्त्वपूर्ण थियो; विशेष गरी अर्जेन्टिनाका जनताको जनमत र राजनीतिलाई ध्यानमा राख्दै । सर्वेक्षण तथ्याङ्कले देखाउँछ कि समग्रमा अर्जेन्टिनाका जनता इजरायलको अत्यधिक आलोचक बनेका छन्, तर सरकार अझै पनि इजरायलको पक्षमा छ ।

उत्तर अमेरिकामा विश्वकप ल्याउने श्रेय लिने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेइको सम्बन्ध पनि महत्त्वपूर्ण छ ।

मिलेइ र ट्रम्प धेरै नजिक रहेको बताइएको छ । अमेरिकी नेताले मिलेइलाई आफ्नो ‘मनपर्ने राष्ट्रपति’ भनेका छन् र अर्जेन्टिनाका राज्य प्रमुखले आफ्ना अमेरिकी समकक्षीलाई खुला र स्पष्ट समर्थन प्रदान गरेका छन् ।

महत्त्वपूर्ण कुरा त, दुवै नेताहरू इजरायलको अत्यधिक समर्थक छन् । मिलेइले हालै घोषणा गरे कि उनी ‘विश्वको सबैभन्दा यहुदीवादी राष्ट्रपति भएकोमा गर्व गर्छन्’, जबकि ट्रम्पले बारम्बार आफूलाई इजरायलको ‘उत्कृष्ट मित्र’ भनेर वर्णन गरेका छन् । ट्रम्प फिफा अध्यक्ष जियानी इन्फान्टिनोको पनि नजिक छन् ।

२०२५ मा, इन्फान्टिनोले ट्रम्पलाई नोबेल शान्ति पुरस्कार प्रदान गर्न पैरवी गरे । त्यस वर्षको अन्त्यमा, इन्फान्टिनोले नयाँ सम्मान, फिफा शान्ति पुरस्कार सिर्जना गरे र तुरुन्तै ट्रम्पलाई प्रदान गरे ।

विश्वकपको समयमा उनीहरूको सम्बन्धको निकटता प्रदर्शनमा आएको छ । ट्रम्प र इन्फान्टिनोले यस हप्ताको सुरुमा अमेरिकी स्ट्राइकर फोलारिन बालोगुनलाई दिइएको रातो कार्ड उल्टाउन मिलेर काम गरे, जसलाई बेल्जियमविरुद्धको अमेरिकी टोलीको अन्तिम १६ को खेलबाट निलम्बन (रेड कार्ड दिइएको) गरिएको थियो ।

ट्रम्पले सार्वजनिक रूपमा भने कि उनले इन्फान्टिनोलाई फोन गरेर निलम्बन उल्टाउन आग्रह गरे । यो घटनाले इजिप्टविरुद्ध अर्जेन्टिनामा हस्तक्षेप स्थापित गर्दैन तर यसले पहुँच र राजनीतिक प्रभावले फिफाको निर्णय प्रक्रियालाई असर गर्न सक्छ भन्ने धारणालाई बलियो बनाउँछ ।

इन्फान्टिनोलाई प्यालेस्टिनीहरूविरुद्ध इजरायली अपराधलाई चोख्याउने प्रस्ताव गरेको आरोप पनि लगाइएको छ; जबकि युक्रेनमा आक्रमण गरेपछि रूसलाई निलम्बन गर्न द्रुतगतिमा अघि बढेपछि इजरायललाई प्रतिबन्ध लगाउन अस्वीकार गरेकोमा फिफाले आलोचना खेप्नु परेको थियो ।

**प्यालेस्टिनी दृष्टिकोण**

इजिप्ट-अर्जेन्टिनाको खेल यही बृहत् राजनीतिक पृष्ठभूमिमा भएको थियो । राजनीतिक नाटकबिना र प्यालेस्टिनको आत्मा बिना; खेल वरपरको विवाद धेरै हदसम्म फूटबलमा सीमित रहन सक्थ्यो । प्रशंसकहरूले रेफ्री निर्णय र भिडियो सहयोग (VAR) प्रोटोकलहरूमा मात्र बहस गरेका हुन सक्थे ।

तर, यो खेल एक विशेष ऐतिहासिक क्षणमा भएको थियो : अन्तर्राष्ट्रिय अदालतमा इजरायलविरुद्ध नरसंहारको मुद्दा, इजरायलको अभूतपूर्व विश्वव्यापी निन्दा र खेलकुदमा प्यालेस्टिनी मुद्दाको लागि व्यापक अन्तर्राष्ट्रिय समर्थन ।

लाखौँ फूटबल प्रशंसकहरूका लागि, विशेष गरी अरब र मुस्लिम संसारका लागि गाजा विश्वव्यापी व्यवस्थाको एक आदर्श उदाहरण बनेको छ; जहाँ शक्तिले परिणामहरूलाई मात्र आकार दिँदैन तर परिणामहरूलाई वैध ठहराउने नियमहरूलाई पनि आकार दिन्छ ।

इजरायलले दसौँ हजार प्यालेस्टिनीहरूलाई मारेको छ र गाजाको धेरै भागलाई ध्वस्त पारेको छ । यो सबै विश्वको सबैभन्दा शक्तिशाली देशको समर्थनमा भएको छ, जसले इजरायललाई जवाफदेहिताबाट जोगाउँछ र नियममा आधारित व्यवस्थालाई सक्रिय रूपमा कमजोर पार्न खोज्छ । यही राजनीतिक, प्यालेस्टिन-केन्द्रित दृष्टिकोणबाट इजिप्ट-अर्जेन्टिना खेलको व्याख्या गरिएको थियो ।

मान्यता नदिइएको इजिप्टको गोल, अर्जेन्टिनाको स्पष्ट फाउलमा समर्थन नगरिएको र डीबक्समा इजिप्टका मोहम्मद सलाहलाई स्पष्ट फाउल गरेपछि रेफ्रीले VAR प्रयोग गर्न अस्वीकार गरेको घटनालाई परिचित ढाँचाको पुनरुत्पादनको रूपमा व्याख्या गरिएको थियो । बढी शक्तिशाली टोलीले शङ्काको फाइदा लिइरहेको छ, जबकि तटस्थ संस्थाहरूले आफ्ना नियमहरू असमान रूपमा लागू गरेको देखिन्छ ।

यसको अर्थ यो होइन कि फिफाले अर्जेन्टिनाको जित सुनिश्चित गर्न गोप्य रूपमा षड्यन्त्र रचेको थियो । तर शक्ति र पूर्वाग्रहलाई सधैँ पूर्वनियोजित, जानाजानी योजनाको आवश्यकता पर्दैन र खेलको व्यापक प्रतिक्रियालाई गहिरो असमान वातावरणमा सञ्चालन गर्दा तटस्थता दाबी गर्ने संस्थाहरूमा विश्वासको व्यापक सङ्कटबाट अलग गर्न सकिँदैन ।

प्यालेस्टिनी जनताको पक्षमा बोल्ने लाखौँ फूटबल प्रशंसकहरूका लागि इजिप्ट-अर्जेन्टिना खेलको खल्लो चाँडै हराउने सम्भावना छैन । न त हसनले प्यालेस्टिनी झन्डा फहराएको वा विश्वको सबैभन्दा ठूलो खेलकुद मञ्च प्रयोग गरेर प्यालेस्टिनी पीडाको बारेमा बोलेको छवि नै ।

*(पल चाइल्ड्स/रोयटर्स)*

# नेपालले कतिसम्म थेग्न सक्छ ऋणको भार ?

✍ रमेश कुमार

तीन वर्षअघि नेपालको वैदेशिक ऋण बढेर 'खतराको घण्टी' बज्न थालेको भन्दै त्यस चिन्ताले रातभरि निदाउन नसकेको बताउने अर्थमन्त्री स्वर्णिम वाग्ले स्वयंले बनाएको बजेटमा भने थप ६ खर्ब ५७ अर्ब रुपैयाँ ऋण उठाउने प्रस्ताव गरिएको छ । यसपालि उनको जवाफ छ– "ऋणबाट आत्तिहाल्नुपर्ने अवस्था छैन ।"

अहिलेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले २०८० असारमा प्रतिनिधिसभा बैठकमा सार्वजनिक ऋण छिटोछिटो बढेकोमा चिन्ता जनाउँदै भनेका थिए, "विगत ८–९ वर्षमा सार्वजनिक ऋण २३ प्रतिशतबाट बढेर ४३ प्रतिशत पुगेको छ । जनतालाई सुसूचित गराउनुपर्ने हुन्छ कि 'डेट टु जीडीपी' रेसियो (कुल गार्हस्थ उत्पादनका तुलनामा सार्वजनिक ऋणको अनुपात) ४३ प्रतिशत पुग्नु भनेको खतराको घण्टी बज्न थाल्नु हो ।" नेपाल ऋणको पासोमा पर्ने जोखिममा रहेको बताउँदै वाग्लेले थपेका थिए, "अर्थमन्त्रीलाई राति निद्रा लाग्छ कि लाग्दैन, थाहा छैन । म छाया अर्थमन्त्री पनि होइन, एउटा साधारण सांसद हुँ । तर, मलाई निद्रा लाग्न छोडेको छ ।"

संसद्मा सार्वजनिक ऋणबारे टिप्पणी गरेको तीन वर्षपछि वाग्लेले अर्थमन्त्रीका रूपमा गत जेठ १५ मा पेस गरेको आगामी आर्थिक वर्षको बजेटले थप ६ खर्ब ५७ अर्ब रुपैयाँ ऋण उठाउने प्रस्ताव गरेको छ । अहिले नै सार्वजनिक ऋण ३० खर्ब रुपैयाँ हाराहारी पुगिसकेको छ । कुल गार्हस्थ उत्पादनको तुलनामा ४५ प्रतिशत हाराहारीमा छ, सरकारको आम्दानीको तुलनामा खर्च बढ्दै गएसँगै यस्तो अनुपात लगातार बढिरहेको छ ।

तर, सार्वजनिक ऋण बढाउनु राजनीतिक परिस्थितिअनुसार उचित वा अनुचित भनी गरिने व्याख्या भने फेरिने गरेको छ । नेपालको सार्वजनिक ऋणको स्थितिलाई 'खतराको घण्टी' भनेका अर्थमन्त्री वाग्ले सत्तासीन भएसँगै यो राज्य सञ्चालनका लागि सार्वजनिक ऋण परिचालन गर्नुको विकल्प नभएको बताउन थालेका छन् । असार ५ मा प्रतिनिधिसभामा बोल्दै वाग्लेले भनेका छन्, "नेपालको रु. ३० खर्ब ऋण कुल गार्हस्थ उत्पादनका तुलनामा धेरै होइन, आतिइहाल्नुपर्ने अवस्था छैन ।"

सरकारले कतिसम्म सार्वजनिक ऋण लिन सक्छ ? अर्थशास्त्रीहरूका अनुसार यसको जवाफ सजिलै दिन सकिँदैन । जापानजस्ता विकसित मुलुकले कुल गार्हस्थ उत्पादनको तुलनामा २०० प्रतिशतसम्म सार्वजनिक ऋण लिएका वा छिमेकी भारत र चीनको पनि अर्थतन्त्रको आकारका तुलनामा सार्वजनिक ऋण ८० प्रतिशतभन्दा धेरै भएको बताउँदै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ सरकारको ऋणको जोखिम हरेक मुलुकको अर्थतन्त्रको स्थितिका आधारमा फरक–फरक हुने तर्क गर्छन् । यस्ता मुलुकसँग तुलना गर्दा नेपालको कुल गार्हस्थ उत्पादनको तुलनामा ४५ प्रतिशत सार्वजनिक ऋण धेरै होइन । उनी अझै केही वर्ष नेपालले ऋण थप्न सजिलै सक्ने सुविधाजनक स्थिति रहेको बताउँछन् । "तर, अहिलेजस्तो जेमा पनि ऋण लिने बाटो जोखिमपूर्ण हुन्छ, उत्पादन र रोजगारी बढाउने क्षेत्रमा मात्रै ऋण लिनुपर्छ ।"

अन्य मुलुकसँग तुलना गरेर मात्रै सार्वजनिक ऋणको जटिलता बुझिँदैन । अर्थशास्त्री डा. डिल्लीराज खनाल पछिल्ला केही प्रवृत्तिहरूले सार्वजनिक ऋणको विषय पेचिलो बनाइरहेको तर्क गर्छन् । उनी ऋण कतिसम्म हुन सक्छ भन्नुभन्दा पनि त्यो कति दिगो छ, त्यसले उत्पादन र राजस्व बढाएको छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण रहेको तर्क गर्छन् । उनी भन्छन्, "नेपालको सार्वजनिक ऋण उच्च होइन । तर, दिगोपन र यसको सदुपयोगमा प्रश्न छ ।"

**सरकारले किन ऋण लिन्छ ?**

हामी किन ऋण लिन्छौं ? जब कमाएको भन्दा बढी खर्च गरिन्छ, मानिसले ऋण लिएर काम चलाउँछ । सरकारको कुरा पनि त्यही हो । व्यक्ति, देशभित्र र बाहिरका संस्थाहरूलाई आफूसँग भएको रकम ऋणमा लगाएर ब्याज खान मनपर्छ, त्यसमाथि सरकारलाई नै ऋण दिँदा पैसा फिर्ता हुने सम्भावना धेरै भएकाले सजिलै ऋण पत्याउँछन् । सरकारले देशभित्रबाट र देशबाहिर विश्व बैङ्क, एशियाली विकास बैङ्कजस्ता संस्थाहरूबाट ऋण लिन्छ । सरकारको अहिले ऋणभारको करीब आधा जति हिस्सा देशभित्रको ऋण छ भने आधा जति देशबाहिरको ।

अहिलेको समयमा ऋण काढ्न सजिलो भएका कारण पछिल्ला वर्षहरूमा सरकारले लिएको ऋणको परिमाण र अनुपात दुवै तीव्र गतिमा बढेको छ । एक दशकअघि २०७३ असारमा नेपालको सार्वजनिक ऋण ६ खर्ब २३ अर्ब रुपैयाँ जति थियो । चार वर्षभित्रै यो ऋण दोब्बर भयो । गत जेठ मसान्तसम्ममा आइपुग्दा सार्वजनिक ऋण बढेर २९ खर्ब ६१ अर्ब नाघेको छ । अर्थात्, एक दशकमा सार्वजनिक ऋण झण्डै पौने पाँच गुणा जति बढेको छ । २०७२ को भूकम्पपछिको पुनर्निर्माण, कोभिड महामारीपछिको पुनर्स्थापना एवं सङ्घीयतापश्चात् प्रदेश र स्थानीय तहमार्फत भएको खर्चका कारण ऋणभार बढेको तर सो अनुपातमा राजस्व नबढेपछि ऋण बढाउनु परेको सरकारी अधिकारीहरूको तर्क हुने गरेको छ ।

पछिल्ला वर्षहरूको वित्तीय हिसाबकिताब केलाउँदा सरकारको आम्दानी र खर्चको खाडल बढिरहेको देखिन्छ, जसले गर्दा सरकारले हरेक वर्ष ऋण थपेको छ । जस्तै, आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा आम्दानीभन्दा खर्च साढे ६ खर्ब रुपैयाँ धेरै हुने भएपछि अर्थमन्त्री वाग्लेले सो रकम ऋण काढेर जुटाउँदै छन् । त्यसभन्दा पनि महत्त्वपूर्ण चाहिं पुरानो ऋणको किस्ता र ब्याज तिर्नमा बजेटको ठूलो हिस्सा खर्च भइरहेको छ । आगामी वर्ष बजेटको पाँच भागको एक भाग अर्थात् २१ खर्ब २४ अर्ब रुपैयाँ बजेटमध्ये ४ खर्ब १८ अर्ब रुपैयाँ पुरानो ऋणको किस्ता र ब्याज तिर्नमा मात्रै खर्च हुनेछ । यसको अर्थ सरकारले वर्षभरिका लागि छुट्याउने विकास लक्षित पुँजीगत बजेटकै हाराहारी रकम ऋणको किस्ता र ब्याजमा खर्च हुन थालेको छ । आगामी वर्ष सरकारले विकास लक्षित पुँजीगत कामका लागि ४ खर्ब ३१ अर्ब रुपैयाँ छुट्याएको छ । अमेरिकी डलरको मूल्य बढेका कारण पनि सरकारको ऋणको किस्ता रकम बढिरहेको छ ।

अर्थशास्त्रीहरू सरकारले ऋण लिएर लगानी गर्नुलाई स्वाभाविक र अझ आवश्यक मान्छन् । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. श्रेष्ठ ऋण नलिई जति राजस्व उठ्छ, सोही मात्रै खर्च गर्ने हो भने मुलुकको विकासको अवसर गुमाउने बताउँछन् । उनी भन्छन्, "नागरिकहरूले काम पाउन वा उत्पादन बढोस् भनेर सरकारले ऋण लिनुपर्छ । चाहिने गुणस्तरीय पूर्वाधार बनाउन पनि ऋण चाहिन्छ । तर, प्रश्न ऋण चाहिन्छ कि चाहिँदैन भन्नेमा होइन, लिइएको ऋण कसरी उपयोग गरिन्छ भन्नेमा हो । ऋण काढिएको रकम सदुपयोग भएन भने विपत्ति निम्तिन्छ ।"

ऋणको सदुपयोगको विषयमा लगातार प्रश्नहरू उठ्दै आएका छन् । अर्थमन्त्री वाग्ले स्वयंले २०८० असार १३ गते संसद्को भाषणमा ऋण सदुपयोग नभएको बताएका थिए । उनले भनेका थिए, "(सार्वजनिक ऋणको) आर्थिक वृद्धिसँगको सम्बन्ध टुटेको छ । जति पैसा खन्याउँदा पनि आर्थिक वृद्धिदरमा यो प्रतिबिम्बित भइरहेको छैन ।" नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्व पौडेलले पनि २०८० मङ्सिरमा 'कान्तिपुर' दैनिकमा प्रकाशित लेखमा एक दशकमा तीव्र गतिमा बढेको ऋण दिगो र उपयोगी काममा खर्च भएकोमा आशङ्का जनाउँदै विगतमा लिइएका ऋणका विषयमा पुनर्मूल्याङ्कन गर्नुपर्ने तर्क गरेका थिए । अरू अर्थशास्त्रीहरूले पनि प्रतिफल आउने परियोजनामा मात्रै लगानी गर्न सुझाव दिने गरेका छन् । प्रतिफल आउने अर्थात्, ती आयोजना जसले उत्पादन र रोजगारी बढाउन सक्छ र भविष्यमा राजस्व बढाएर सरकारको ऋण तिर्ने क्षमता बलियो बनाउन सक्छ ।

तर, के सरकारले राजस्व वृद्धि हुने आयोजनाहरूमा लगानी गरिरहेको छ त ? सरकारले कैयौं यस्ता परियोजनाका लागि ऋण लिँदै आएको छ, जसको दीर्घकालीन प्रतिफलका विषयमा प्रश्नहरू छन् । त्यसको उदाहरण, बहुपक्षीय ऋणदाता संस्था विश्व बैङ्कसँग ऋण काढेर अघि बढाइएको प्रधानमन्त्री रोजगार कार्यक्रम हो, जसबारे सरकारी लेखा परीक्षक निकाय महालेखा परीक्षक कार्यालयले प्रश्न उठाएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि सन् २०१९ मा सरकारले विश्व बैङ्कसँग १२० मिलियन अमेरिकी डलर (त्यति बेलाको सटही दरअनुसार १३ अर्ब ६८ करोड रुपैयाँ) ऋण लिने सम्झौता गरेको थियो । महालेखा परीक्षकको ६० औं प्रतिवेदनले वैदेशिक ऋणबाट उत्पादन वृद्धि र पुँजी निर्माण कार्यक्रम सञ्चालन हुनुपर्नेमा यस कार्यक्रममा अनुत्पादक कार्यमा खर्च गरिएको टिप्पणी गरेको छ । त्यसैगरी, कृषिमा दातासँग ऋण लिएका कयौं परियोजना छन्, जसका प्रतिफलका विषयमा पनि प्रश्न उठ्दै आएको छ । व्यावसायिक कृषिको विकास तथा किसानको जीवनस्तर सुधार्ने उद्देश्यसहित विश्व बैङ्कको सहयोगमा सञ्चालित व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट), विश्व बैङ्ककै सहयोगको नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनालगायतका परियोजनामा लिइएको ऋण तथा तिनको प्रतिफलबारे पनि महालेखा परीक्षक कार्यालयले आफ्ना वार्षिक प्रतिवेदनहरूमा प्रश्न उठाउँदै आएको छ । महालेखाले आफ्नो पछिल्लो प्रतिवेदन (६३ औं) मा पनि यस प्रवृत्तिलाई औंल्याएको छ । महालेखाले भनेको छ, "सार्वजनिक ऋणको रकम पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा कर्मचारीसम्बन्धी खर्च, सेवा परामर्श, कार्यालय सञ्चालनजस्ता शीर्षकमा खर्च भएको देखिन्छ ।"

वैदेशिक ऋण लिएर निर्माण गरिएका पोखरा विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको उपयोगी सञ्चालन नभएको, ऋण लिएर प्रतिफल कम भएका भ्यूटावर, विशाल भवनसहितका ठूला पूर्वाधारका आयोजनाहरूमा सरकारले धमाधम खर्च गरिरहेको बारे पनि महालेखाले प्रश्न उठाउने गरेको छ । करिब २२ अर्ब रुपैयाँ खर्च गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र करीब ३० अर्ब रुपैयाँ हाराहारी खर्च गरिएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल दुवै अपेक्षाकृत उपयोगमा आएका छैनन् । अर्थात्, ठूलो धनराशि खर्च गरिएका यस्ता परियोजनाले लगानीअनुसारको लाभ दिएका छैनन्, राजस्व बढाएका छैनन् ।

यी सबै हुँदाहुँदै पनि सरकार ऋण थप्न हिच्किचाएको छैन । सुशीला कार्की नेतृत्वको सरकारले कोटेश्वरमा सुरुङ मार्ग बनाउनका लागि मात्रै जापान अन्तर्राष्ट्रिय सहयोग नियोगसँग ३२ अर्ब ऋण रुपैयाँ लिने सम्झौता गरेको छ । भर्खरै सरकारले काठमाडौंको यातायात प्रणाली सुधार गर्न विश्व बैङ्कसहितका साझेदारसँग डेढ खर्ब रुपैयाँ ऋण लिन लागेको नेपालखबरले सार्वजनिक गरेको छ । जानकारहरूले यस्ता ऋणबारे प्रश्न उठाउने गरेका छन् । पूर्वाधार विज्ञ डा. सूर्यराज आचार्य भविष्यमा सहरको समग्र भौतिक स्वरूप के हुने भन्ने गुरुयोजनाबिना ऋण काढेर बनाइने यस्ता पूर्वाधारलाई हचुवामा गरिएको लगानी भनेर टिप्पणी गर्छन् । उनी भन्छन्, "सहरी क्षेत्रको यातायात सुधारका लागि गर्नैपर्ने काम नगर्ने, दीर्घकालीन गुरुयोजना नबनाउने तर जथाभावी ऋण काढेर अनुपयुक्त आयोजनामा पनि रकम खन्याउने प्रवृत्ति सही होइन । यो गलत बाटो हो ।"

**ऋणको सीमा**

नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनका तुलनामा थोरै भए पनि पछिल्ला वर्षमा यसको वृद्धिदर भने तीव्र छ । एक दशकको अवधिमा सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको २३ प्रतिशतबाट बढेर दोब्बर पुगेको छ । सरकारको राजस्व आम्दानीको वृद्धिदर सीमित रहेको तर खर्च धेरै बढिरहेका कारण आगामी वर्षमा यस्तो अनुपात थप बढेर जाने सजिलै अनुमान गर्न सकिन्छ । जानकारहरूका अनुसार देशमा आवश्यक पूर्वाधार संरचनाको विकास नहुँदै ऋण बढ्नुले भविष्यमा नगरी नहुने काम तथा नबनाई नहुने संरचना बनाउन पनि रकम अभाव हुन सक्ने जोखिम निम्त्याउँछ । अर्थात्, ऋण काढेर विकास गर्ने अवसर खुम्च्याउँछ ।

अर्कोतिर, हरेक वर्ष सरकारले पुरानो ऋणको साँवा ब्याज भुक्तानी गर्न नयाँ ऋण लिइरहेको छ । जस्तैः आगामी आर्थिक वर्ष ६ खर्ब ५७ अर्ब रुपैयाँ नयाँ ऋण लिँदै छ भने पुरानो ऋणको साँवा ब्याज भुक्तानीमा मात्रै चार खर्ब १८ अर्ब रुपैयाँ खर्च हुँदै छ । यसरी ऋणको मात्रा बढ्दा सरकारले विकास परियोजनाहरूमा खर्च गर्ने सामर्थ्य घट्छ । राजस्व आम्दानी बढेन भने सरकारको विकासका लागि खर्च गर्ने क्षमता कमजोर हुन्छ र मुलुकको उन्नति थप ढिला हुन जान्छ । अर्थशास्त्री डा. खनाल अहिले नै वार्षिक राजस्वको करीब ३० प्रतिशत रकम ऋणको साँवा ब्याज तिर्न प्रयोग भइरहेको र जुन जोखिमयुक्त स्थिति रहेको टिप्पणी गर्छन् ।


आउँदा वर्षहरूमा पनि खर्च र आम्दानीबिचको खाडल बढ्दै जाने अनुमान गरिएको हुनाले सार्वजनिक ऋण पनि बढ्दै नै जान्छ । कुल गार्हस्थ उत्पादनको तुलनामा ऋणको अनुपात घटाउन सरकारसँग सीमित विकल्प छन् । पहिलो– कुल गार्हस्थ उत्पादनलाई धेरै छिटो बढाउने । विगतका तथ्याङ्क हेर्दा यो उपाय नेपालको अहिलेको अर्थ व्यवस्थाका लागि सजिलो कुरा होइन । विगत तीन दशकको औसत वार्षिक आर्थिक वृद्धिदर करिब ४ प्रतिशत मात्रै छ । भविष्यमा तीव्रगतिमा आर्थिक वृद्धिदर हासिल गर्न थप लगानी आवश्यक पर्छ, जसका लागि सरकार र निजी क्षेत्रसँग सीमित स्रोत छ । दोस्रो– सरकारी खर्च कटौती गर्ने । विगतका हरेक सरकारले फजुल खर्च कटौती गर्ने घोषणा गर्दै आए पनि प्रभावकारी कार्यान्वयन भएको छैन । बजेटमार्फत खर्च कटौती गर्दा त्यसको राजनीतिक प्रभाव निकै महत्त्वपूर्ण हुन्छ । उदाहरणका लागि सामाजिक सुरक्षा भत्ता कटौती वा सरकारी कार्यालयहरूमा अनावश्यक कर्मचारी कटाएर खर्च घटाउनु राजनीतिक जटिलता निम्त्याउने कुरा भएकाले यस्ता निर्णय सरकारका लागि सजिलो कुरा होइन । त्यसैले सरकारका लागि सजिलो उपाय भनेको नागरिकलाई थप कर लगाउने हो ।

ऋण बढ्दै जाँदा त्यसलाई तिर्ने रकम जोहो गर्न सरकारले नागरिकलाई थप कर लगाउने विकल्पबारे सोच्न सक्छ । सार्वजनिक ऋण बढ्नुको अर्थ दायित्व भविष्यतिर सार्दै जानु हो । अर्थात्, आजको नागरिकको सुविधाका लागि सरकारले गरेको खर्चको भार भविष्यका पुस्ताले करका रूपमा बुझाउनुपर्नेछ ।

यी सबै हुँदाहुँदै पनि तत्कालका लागि अप्ठ्यारो स्थिति भने आइसकेको छैन किनभने ऋणको ब्याजदर कम छ । तर, जब यो अवस्था उल्टिन्छ अर्थात्, ब्याजदर बढ्दै जान्छ, त्यसले अप्ठ्यारो निम्त्याउन सक्छ । धेरै ऋण भएको बेला ब्याजदर बढ्दा सरकारको किस्ता यति ठूलो हुन सक्छ कि तिर्ने कठिन अवस्था आउन सक्छ । अर्थशास्त्री डा. डिल्लीराज खनाल भन्छन्, "ऋण दिने अन्तर्राष्ट्रिय संस्थाहरूले क्रमशः ब्याजदर बढाउन थालिसकेका छन् । ब्याजदर बढ्ने, अमेरिकी डलरसँग नेपाली मुद्राको अवमूल्यन जारी रहने र देशभित्र ऋणको आकार अहिलेकै हिसाबले बढिरहने तर अहिलेजस्तै उत्पादन राजस्व नबढ्ने हो भने थेग्न सकिन्न, ऋण सङ्कट निम्तिन्छ ।"

**कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण**

कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०४० को दशकमा तीव्र गतिले बढेको सार्वजनिक ऋण २०६० को दशकमा घटेको थियो । २०७२ को भूकम्पपछि सार्वजनिक ऋणको अनुपात फेरि उकालो लागेको छ ।




स्रोत : नेपाल राष्ट्र ब्यांक

# आँधीका कारण ताइवानमा हजारौँ विस्थापित



ताइवान, २७ असार (एएफपी)। जापानबाट चीनतर्फ धकेलिएको आँधी बावीका कारण ताइवानमा १४ हजारभन्दा बढी मानिसहरू आफ्नो घर छोडेर भाग्न बाध्य भएका छन् भने धेरै पसल तथा व्यावसायहरू बन्द रहेको जनाइएको छ।

बावीले आँधी ओकिनावामा हजारौँलाई प्रभावित बनाएको छ भने आइतबार बिहान चीनमा अवतरण गर्ने अपेक्षा गरिएको छ।

बावीका कारण आएको तीव्र हावा र भारी वर्षाले सबैभन्दा बढी प्रभावित क्षेत्र ताइवानको बन्दरगाह सहर कीलुङमा सडकहरू सुनसान भएको जनाइएको छ।

गत सोमबार गुआम र उत्तरी मारियानासमा प्रहार गरेपछि, बावीले प्रशान्त महासागर क्षेत्रमा अवतरण गरेको जनाइएको छ।

ताइवानको केन्द्रीय मौसम विभागले (सीडब्लुए) बावीको अधिकतम निरन्तर हावाको गति १४४ किलोमिटर प्रतिघन्टामा झरेको जनाइएको छ भने शनिबार करिब १८० किलोमिटर प्रतिघण्टाको हावाको साथले आँधीबेहरीको तीव्रतामा कमजोर भएको बताएको छ।

सिडब्लुएले उत्तरी ताइवानमा भारी वर्षा र बावी टापुको उत्तरमा पुग्दा तटमा १० मिटर अग्लो खतरनाक छालहरूको चेतावनी दिएको छ।

आँधीका कारण २७ हजारभन्दा बढी घरहरू बिजुलीविहीन भएको जनाएको छ।

आँधीको प्रभाव शनिवार दिउँसोको समयमा बढी प्रभावकारी हुने सिडब्लुएका पूर्वानुमान -कर्ता जेसन चेङलाई उदृत गर्दै एएफपीले जनाएको छ।

बावी शुक्रबार ताइवानमा ३० वर्षभन्दा बढी समयपछि आएको सबैभन्दा ठुलो टाइफुन हुने र त्यसबेलादेखि यसको तीव्र हावाको दर ३५० किलोमिटरमा सङ्कुचित हुने अनुसार गरिएको चेङले बताउनुभएको छ।

केही ताइवानीहरूले सरकारको टाइफुन चेतावनीमा निराशा व्यक्त गरेका छन् भने जसले गर्दा अधिकांश व्यवसायहरू बन्द गर्न र मानिसहरूलाई घर भित्रै बस्न बाध्य बनाएको थियो।

सरकारी प्रतिवेदनले आँधीलाई यसलाई पूर्णतया डरलाग्दो बनाइ सबैलाई आतङ्कित पारेको किलुङका अर्का एक जना व्यावसायी लीले आँधीका कारण व्यापार गुमाएकोमा निराश भएको बताउनुभएको छ।

टाइफुनले जापानको दुर्गम दक्षिणपश्चिमी टापुहरूमा प्रहार गर्दा मियाको क्षेत्र सबैभन्दा बढी प्रभावित भएपछि ओकिनावाका १८ हजारभन्दा बढी घरपरिवार र सुविधाहरूले बिजुली गुमाएको जनाएको छ।

आँधीका कारण जापानी एयरलाइन्सहरूले दर्जनौँ उडानहरू रद्द गरेको जनाइएको छ भने यसका कारण २६ हजारभन्दा बढी यात्रुहरू प्रभावित भएका छन्।

बावीले सबैभन्दा खराब अवस्था लिइरहेको जनाउँदै सामाजिक सञ्जाल एक्समा पोस्ट गर्नुभएको छ।

फिलिपिन्समा शुक्रबार दक्षिणी टापु मिन्डानाओमा भएको भारी वर्षाले गर्दा आएको दुई वटा पहिरोमा कम्तीमा १५ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

सरकारी टेलिभिजन सिसिटिभीका अनुसार पूर्वी झेजियांग प्रान्त र उत्तरपूर्वी फुजियान प्रान्तमा भारी वर्षा हुने पूर्वानुमान गरिएको जनाइएको छ।

झेजियांगको सियागुआन सहरमा, दश हजारभन्दा बढी मानिसहरूलाई तीव्र हावाको जोखिमका कारण आफ्नो घरबाट सुरक्षित स्थानमा स्थानान्त्रण गरिएको सिसिटिभीले जनाएको छ।

लामो समयसम्म चलेको चरम मौसमले यस हप्ता दक्षिणी तथा मध्य चीनमा विनाश गरेको जनाइएको छ भने आँधीबेहरीले कम्तिमा ३९ जनाको ज्यान लिनुका साथै दर्जनौँ नदीहरूमा बाढी आएको छ र जलाशयका बाँध फुटेको उल्लेख गरिएको छ।

# ट्रम्पद्वारा युद्ध विराम समाप्त भएको घोषणा
# इरानद्वारा युद्धविराम पालना गरेको दाबी

तेहरान, २७ असार (एएफपी)। संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम समाप्त भएको घोषणा गरेपछि इरानले आफूले युद्धविरामसम्बन्धी समझदारीको पूर्ण पालना गरेको जनाएको छ।

शनिबार ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत इरानले वार्ता जारी राख्न आग्रह गरेको दाबी गर्दै अमेरिका वार्ताका लागि तयार भए पनि युद्धविराम भने समाप्त भइसकेको उल्लेख गरेका थिए। यसअघि नेटो शिखर सम्मेलनमा पनि उनले युद्धविराम अन्त्य भएको दाबी गर्दै इरानसँग व्यवहार गर्नु समयको बर्बादी भएको टिप्पणी गरेका थिए।

यसको जवाफमा इरानी विदेशमन्त्री अब्बास अराघचीले तेहरानले अहिलेसम्म समझदारीअनुसार आफ्नो दायित्व पूरा गरेको, तर अमेरिकाले सम्झौताका प्रावधान उल्लङ्घन गरिरहेको आरोप लगाउनुभएको छ।

अराघचीका अनुसार समझदारीपत्रमा इरानले आफ्नो आणविक कार्यक्रमको विद्यमान अवस्था कायम राख्ने तथा अमेरिकाले अन्तिम सम्झौता नहुँदासम्म नयाँ प्रतिबन्ध नलगाउने र थप सैन्य तैनाथी नगर्ने व्यवस्था गरिएको छ। उहाँले अमेरिकाले गरेका पछिल्ला कदमहरू सम्झौताको उल्लङ्घन भएको दाबी गर्नुभयो।

समझदारीपछि अमेरिका र इरानबिच स्विट्जरल्यान्डमा प्रत्यक्ष तथा कतारमा अप्रत्यक्ष वार्ता भए पनि त्यसयता कूटनीतिक प्रगतिका कुनै स्पष्ट सङ्केत देखिएका छैनन्।

यसैबिच, अमेरिकी सञ्चारमाध्यमहरूले वासिङ्टनले इरानलाई होर्मुज जलसन्धिमा व्यावसायिक जहाजमाथिका आक्रमण रोक्न र जलमार्ग खुला राख्न शनिबारसम्मको समयसीमा दिएको जनाएका छन्।

विश्वको ऊर्जा आपूर्तिका लागि महत्त्वपूर्ण मानिने होर्मुज जलसन्धि हाल अमेरिका-इरान तनावको प्रमुख केन्द्र बनेको छ। इरानले उक्त जलमार्ग आफ्नो नियन्त्रणमा हुनुपर्ने अडान राख्दै त्यहाँबाट आवतजावत गर्ने जहाजबाट शुल्क उठाउने इच्छा पनि व्यक्त गरेको छ।

हालै जलसन्धिमा भएका आक्रमणपछि अमेरिकाले इरानमाथि व्यापक सैन्य कारबाही गरेको थियो भने त्यसको जवाफमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडाहरूलाई लक्षित गरी आक्रमण गरेको थियो।

यसैक्रममा अमेरिकी अर्थ मन्त्रालयले इरानी तेल निर्यातमा दिइएको अस्थायी छुटसमेत खारेज गरेको छ।

इरानी सरकारी समाचार संस्था इरनाका अनुसार विदेशमन्त्री अराघची होर्मुजसम्बन्धी विषयमा छलफल गर्न शनिबार ओमान जाने कार्यक्रम छ।

कतारले पनि कूटनीतिक प्रयासलाई निरन्तरता दिएको जनाएको छ। इरानी सञ्चारमाध्यमका अनुसार कतारी प्रतिनिधिमण्डल तेहरानमा रहँदै तनाव कम गर्न मध्यस्थतामा सक्रिय छ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले पनि कतारका अमिर तथा इरानी राष्ट्रपति मसुद पेजेस्कियनसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गरी क्षेत्रीय शान्ति कायम राख्न आग्रह गर्नुभएको छ।

यद्यपि, इरानका वरिष्ठ अधिकारीहरूले आफ्नो देश कुनै पनि दबाबमा नझुक्ने र आवश्यक परे राष्ट्रिय सुरक्षाको रक्षा गर्न पूर्ण रूपमा तयार रहेको बताएका छन्।

## विश्व सङ्क्षेप

### कङ्गोमा इबोला सङ्क्रमण तीव्र, ६४८ जनाको मृत्यु

कङ्गो २७ असार (क्युएनए)। लोकतान्त्रिक गणतन्त्र कङ्गोका स्वास्थ्य अधिकारीहरूका अनुसार शनिबार इबोला प्रकोपका कारण मृत्यु हुने मानिसहरूको सङ्ख्या ६४८ जना पुगेको छ भने एक हजार ८३० जनामा सङ्क्रमण पुष्टि भएको घटनाहरूको दर्ता भएका छन्।

पछिल्लो तथ्याङ्कमा विगत २४ घण्टामा दर्ता भएका सङ्क्रमण र मृत्युहरूसमेत समावेश भएको अधिकारीहरूले बताएका छन्।

स्वास्थ्यमन्त्री स्यामुएल रोजर कम्बाले विज्ञप्ति जारी गर्दै सरकारले देशको उत्तर र उत्तरपूर्वमा सोपो र हाट-युलेलाई समावेश गरी इबोला प्रकोपबाट उच्चगतिमा प्रभावित प्रान्तहरूको सूची विस्तार गरेको बताउनुभएको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले यसअघि नै डेमोक्रेटिक रिपब्लिक अफ कङ्गोमा इबोला प्रकोपको वास्तविक मात्रा आधिकारिक तथ्याङ्कले देखाएको भन्दा दुईदेखि चार गुणा बढी हुनसक्ने चेतावनी दिएको थियो।

### भेनेजुयला भूकम्प अपडेट : मृतकको सङ्ख्या चार हजार पुग्यो

काराकस, २७ असार (एएफपी)। भेनेजुयलामा आएको दोहारो विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या चार हजार पुगेको भेनेजुयला सरकारले जनाएको छ।

गत जून -२४ मा आएको भूकम्पकाकारण कम्तिमा चार हजार ११८ जनाको मृत्यु भएको पुष्टि गर्दै १६ हजार ७४० जना घाइते भएको र तटीय राज्य ला गुइराका सम्पूर्ण जिल्लाहरूलाई प्रभावित गराएको भेनेजुयलाका संसद प्रमुख जोर्ज रोड्रिगेजले टेलिग्राममार्फत जनाउनुभएको छ। उहाँका अनुसार थप हजारौँ मानिसहरू बेपत्ता भएकाले खोजी तथा उद्धार कार्य जारी रहेको छ।

यद्यपि उद्धार टोलीहरूले अब जीवित व्यक्तिहरूको सम्भावना नरहेको जनाएका छन् भने परिवारका सदस्यहरूले उनीहरूलाई सम्मान जनक सस्कार गर्ने आशामा आफ्नो परिवारका सदस्यहरूलाई भग्नावशेषमा खोज्ने कार्य जारी राखेका छन्।

पछिल्लो समयमा भेनेजुयलाले भूकम्पिय जोखिमको सामना गरिरहेको छ जहाँ लामो समयदेखि चलिरहेको आर्थिक सङ्कटले राज्य सेवाहरूलाई गम्भीर रूपमा बिगारेको जनाइएको छ।

यसैबिच संयुक्त राष्ट्र सङ्घले भेनेजुयलामा भूकम्प राहत कार्यका लागि लगभग ३० करोड डलरको तत्कालीन अपिल जारी गरेको छ।

भेनेजुयलाका अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले विदेशमा राखिएको फ्रिज गरिएका सम्पत्ति फिर्ता गर्न आह्वान गर्नुभएको छ।

# एआईबाट सिर्जित सङ्गीत पहिचान गर्न नयाँ लेबलिङ प्रणाली सार्वजनिक

न्युयोर्क, २७ असार (एएफपी)। विश्वका प्रमुख सङ्गीत उद्योगसम्बद्ध संस्थाहरूले कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगबाट सिर्जना गरिएका सङ्गीत सामग्रीको पहिचान गर्न नयाँ स्वेच्छिक लेबलिङ प्रणाली सार्वजनिक गरेका छन्। यसको उद्देश्य एआईबाट उत्पादित सामग्रीबारे श्रोतालाई स्पष्ट जानकारी उपलब्ध गराउनु हो।

फोनोग्राफिक उद्योगको अन्तर्राष्ट्रिय महासङ्घ (आईएफपीआई) र रेकर्डिङ इन्डस्ट्री एसोसिएसन अफ अमेरिका (आरआईएए) ले ग्रामी अवार्ड आयोजकसहित अन्य संस्थाहरूसँग मिलेर शुक्रबार उक्त प्रणाली सार्वजनिक गरेका हुन्।

संस्थाहरूले जारी गरेको संयुक्त विज्ञप्तिमा श्रोताहरूले सङ्गीत सिर्जनामा एआई कसरी र कति प्रयोग भएको छ भन्ने जानकारी चाहेको उल्लेख गर्दै नयाँ लेबलले पारदर्शिता कायम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

नयाँ प्रणालीअन्तर्गत दुई प्रकारका लेबल प्रयोग गरिनेछन्। पहिलो 'एआईद्वारा सिर्जना गरिएका' लेबल त्यस्ता सामग्रीमा प्रयोग हुनेछ, जहाँ गीत वा रेकर्डिङका अधिकांश वा सम्पूर्ण सिर्जनात्मक पक्ष कृत्रिम बुद्धिमत्ताबाट तयार गरिएको हुन्छ। यसमा एआईबाट पूर्ण रूपमा सिर्जित गीत, एआईद्वारा तयार गरिएका मुख्य स्वर वा प्रमुख वाद्य ट्र्याकसमेत समावेश हुनेछन्।

दोस्रो 'एआई-सहायता प्राप्त' लेबल भने मुख्य रूपमा मानव सिर्जनामा आधारित भए पनि केही सिर्जनात्मक अंशमा एआईको सहयोग लिइएको सङ्गीतमा प्रयोग गरिनेछ। यस प्रकारका सामग्रीमा मुख्य स्वर र प्रमुख वाद्य प्रस्तुतीकरण भने मानव कलाकारले नै गरेको हुनुपर्ने व्यवस्था गरिएको छ।

यो स्वेच्छिक लेबलिङ प्रणाली सङ्गीत स्ट्रिमिङ सेवासहित विश्वव्यापी रूपमा लागू गर्ने लक्ष्य राखिएको छ। सङ्गीत स्ट्रिमिङ सेवा डिजरले एआईबाट सिर्जित सामग्रीलाई स्वचालित रूपमा चिह्न लगाउने व्यवस्था गरिसकेको छ। कम्पनीका अनुसार हाल नयाँ अपलोड हुने सामग्रीमध्ये करिब आधा एआईबाट सिर्जित छन्। जुन महिनामा डिजरले ९९ दशमलव आठ प्रतिशत शुद्धतासहित एआई सङ्गीत पहिचान गर्ने प्रणालीसमेत सार्वजनिक गरेको थियो।

यसै वर्षको सुरुमा एप्पल म्युजिकका एक अधिकारीले नयाँ अपलोड हुने सामग्रीमध्ये एक तिहाइभन्दा बढी पूर्ण रूपमा एआईबाट सिर्जित हुने बताएका थिए। एप्पल म्युजिक, अमेजन म्युजिक र स्पोटिफाइजस्ता स्ट्रिमिङ सेवाहरूको प्रतिनिधित्व गर्ने 'डिजिटल मिडिया एसोसिएसन' (डिमा)ले पनि नयाँ लेबलिङ प्रणालीको स्वागत गर्दै प्रयोगकर्तालाई थप पारदर्शी जानकारी उपलब्ध गराउन एआईसम्बन्धी मेटाडाटा अझ सुदृढ बनाइने जनाएको छ।

स्पोटिफाइले गत अप्रिलमा कलाकारको आधिकारिक सामग्री पहिचान गर्न 'स्पोटिफाइद्वारा प्रमाणित' लेबल सुरु गरेको थियो भने एआईद्वारा हुने प्रतिरूपण (इम्पर्सोनेसन) रोक्न नयाँ उपायहरू पनि लागू गरेको जनाएको छ।

# जनसाङ्ख्यिक लाभांश गुमाउँदै नेपाल

● डा. उद्धव सिग्देल

काठमाडौँ । जनसाङ्ख्यिक बनावटको हिसाबले नेपाल अहिले यस्तो विन्दुमा छ जहाँ अवसर र क्षय एकैपटक प्रकट भएका छन् । काम गर्ने उमेरको जनसङ्ख्या इतिहासकै उच्च बिन्दुमा पुगेका बेला युवा पलायन पनि उत्कर्षमा छ । काम गर्ने उमेरको जनसङ्ख्याको बाहुल्यता अवसरको घेरो हो तर रोजगारी र गुणस्तरीय शिक्षाको अभावमा विदेश जानुपर्ने बाध्यता जनसाङ्ख्यिक लाभांशको क्षय हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा बिहानैदेखि लाइन लाग्छ । काँधमा नयाँ झोला, हातमा पासपोर्ट र अनुहारमा अनिश्चयको छाया बोकेका अधिकांश यात्रु २० देखि ३५ वर्ष उमेरका युवा हुन् । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्र आठ लाख ३९ हजार २६६ जनाले वैदेशिक रोजगारका लागि श्रमस्वीकृति लिए । औसतमा दिनैपिच्छे करिब दुई हजार ३०० युवा अर्थात् हरेक मिनेटजसो एकभन्दा बढी विदेसिने गरेका छन् । ठीक यहीबेला मुलुक आफ्नो इतिहासकै सबैभन्दा अनुकूल जनसाङ्ख्यिक अवस्थामा छ भन्ने तथ्य बहसको केन्द्रमा पर्न सकेको छैन । जनसङ्ख्याशास्त्रीहरूले 'सुनौलो झ्याल' भन्ने गरेको यो जनसाङ्ख्यिक अवसर सधैँका लागि खुला रहँदैन । नेपालका निम्ति प्रश्न यति मात्र हो कि यो झ्याल बन्द हुनुअघि लाभ उठाउन सक्छौँ कि सक्दैनौँ ?

## आधा शताब्दीको सङ्क्रमण

जनसाङ्ख्यिक सङ्क्रमण भनेको उच्च जन्मदर र उच्च मृत्युदरबाट न्यून जन्मदर र न्यून मृत्युदरतर्फको यात्रा हो । युरोपले दुई सय वर्ष लगाएर पार गरेको यो यात्रा नेपालले करिब पाँच दशकमै पूरा गरेको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणका शृङ्खलाबद्ध तथ्याङ्क हेर्दा सन् १९९६ मा प्रतिमहिला ४.६ रहेको कुल प्रजनन् दर सन् २०२२ मा आइपुग्दा २.१ मा झरेको छ, जुन प्रतिस्थापन तह हो । अर्थात् अबका नेपाली आमाहरूले औसतमा जति बच्चा जन्माउँछन्, त्यसले जनसङ्ख्यालाई बढाउँदैन, मात्र प्रतिस्थापन गर्छ ।

गण्डकी प्रदेशको प्रजनन् दर १.४ मा झरिसकेको छ भने वाग्मतीको १.६ छ । जुन विकसित युरोपेली मुलुकहरूकै हाराहारीमा पुगेको पाइन्छ । मृत्युका सूचकहरूमा सुधार अझ उल्लेखनीय छ । सन् १९९६ मा प्रतिहजार जीवित जन्ममा ७८ रहेको शिशु मृत्युदर २०२२ सम्ममा २८ मा झरेको छ भने स्वास्थ्य क्षेत्रमा आएको प्रगतिले पाँच वर्षमुनिको बाल मृत्युदर ११८ बाट ३३ मा पुगेको छ । यसको सोझो अर्थ हो कम बच्चा जन्मन्छन् र अधिकांश जन्मेका बच्चा बाँच्छन्, हुर्कन्छन् र श्रमशक्तिमा प्रवेश गर्छन् ।

जन्म र मृत्युदरमा आएको गिरावटका पछाडि केही महत्त्वपूर्ण सामाजिक परिवर्तनका आधार छन् । परिवार नियोजनका साधनको प्रयोग विवाहित महिलामा ५७ प्रतिशत पुगेको छ । छोरीहरूको विद्यालय भर्ना छोराहरूकै हाराहारीमा छ र महिलाको औसत विवाह उमेर क्रमशः ढिला हुँदै गएको छ । उच्च शिक्षा र आयआर्जनमा संलग्न महिलाले सानो परिवार रोज्ने विश्वव्यापी प्रवृत्तिसँग नेपाल पनि सँगसँगै उस्तै गतिमा हिँडिरहेको छ ।

सन् २००२ मा गर्भपतनलाई कानुनी मान्यता दिइएपछि प्रजनन् स्वास्थ्य सेवामा पहुँच फराकिलो भएको छ र वैदेशिक रोजगारका कारण दम्पती वर्षौं अलग बस्नुपर्ने बाध्यताले जन्मदर घट्नुमा महत्त्वपूर्ण भूमिका खेलेको तथ्यहरूले स्पष्ट पार्छन् । समग्रतामा स्वास्थ्य सेवामा पहुँच र महिला सशक्तिकरण नै जन्म र मृत्युदर न्यूनीकरणका मुख्य कारणको रूपमा लिइन्छ ।

मुलुकको कुल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ पुगे पनि वार्षिक वृद्धिदर ०.९२ प्रतिशतमा खुम्चिएको छ, जुन विगत ८० वर्षयताकै न्यून हो । रामेछापलगायत ३४ वटा जिल्लाको जनसङ्ख्या त ऋणात्मक दरले घटिरहेको छ । जनसङ्ख्याको उमेर-संरचना युवामुखीबाट क्रमशः प्रौढमुखी हुँदै गइरहेको छ र यही परिवर्तनका बिचमा छ नेपालको ऐतिहासिक अवसर ।

## इतिहासकै अनुकूल उमेर-संरचना

राष्ट्रिय जनगणना २०७८ का अनुसार, कुल जनसङ्ख्याको ६२ प्रतिशत १५ देखि ५९ वर्षका काम गर्ने उमेर समूह जनसङ्ख्या छ । जुन २०६८ सालमा ५७ प्रतिशत मात्र थियो । बालबालिका २७.८ प्रतिशत र वृद्धवृद्धा १०.२ प्रतिशत छन् । यसको अर्थ, इतिहासमै पहिलोपटक कमाउने उमेरका मानिस आश्रितभन्दा उल्लेख्य रूपमा बढी छन् । जनसङ्ख्या अध्ययनमा यसैलाई जनसाङ्ख्यिक लाभांश ( डेमोग्राफिक डिभिडेन्ड) भनिन्छ । यो लाभांशले अर्थतन्त्रलाई चार प्रमुख माध्यमबाट विकास गर्न सकिन्छ । पहिलो, श्रमशक्तिको प्रचुर आपूर्तिले उत्पादन र सेवा क्षेत्र विस्तार हुन्छ । दोस्रो, आश्रित जनसङ्ख्या कम हुँदा परिवार र राष्ट्रकै बचत दर बढ्छ, जसले पुँजी निर्माणलाई टेवा दिन्छ । तेस्रो, थोरै बालबालिकामा प्रतिव्यक्ति शिक्षा-स्वास्थ्य लगानी बढाउन सकिन्छ, जसले अर्को पुस्ताको उत्पादकत्व बढाउँछ । र चौथो, कमाउने जनसङ्ख्याले आन्तरिक बजार, उद्यमशीलता र नवप्रवर्तनलाई गति दिन्छ ।

दस वर्षअघि सयजना काम गर्ने उमेरका नेपालीले करिब ७६ जना आश्रित जनसङ्ख्या पाल्नुपर्थ्यो आज त्यो भार घटेर ५३ जनाको हाराहारीमा झरेको छ । घट्दो आश्रित अनुपातको यही अन्तर नै त्यो 'बोनस' हो, जसलाई सही नीतिले पुँजीमा बदल्न सकिन्छ । जनसाङ्ख्यिक लाभांश स्वचालित होइन र ठीक ढङ्गले व्यवस्थापन गर्न सकिएन भने यो एउटा चेतावनी पनि हो । अनुकूल उमेर-संरचना केवल सम्भावना हो र त्यसलाई प्रतिफलमा बदल्न ती हातहरूलाई सीप, ती सीपलाई रोजगारी र ती रोजगारीलाई उत्पादकत्वसँग जोड्नैपर्छ ।

बेरोजगार युवाको भीड लाभांश होइन, बरू जोखिम हो जसले अर्थतन्त्र होइन, असन्तोष मात्र बढाउँछ । यो कुनै सैद्धान्तिक बहस होइन । दक्षिण कोरिया, ताइवान र सिङ्गापुरले सन् १९७० र ८० को दशकमा ठीक यस्तै उमेर-संरचना पाएका थिए र त्यसलाई गुणस्तरीय शिक्षा, औद्योगिकीकरण र रोजगारी सिर्जनासँग जोडेर 'दक्षिण-पूर्वी एसियाली चमत्कार' रचेका थिए । अर्थशास्त्रीहरूका अनुसार ती मुलुकको तीव्र आर्थिक वृद्धिको झन्डै एकतिहाइ हिस्सा जनसाङ्ख्यिक लाभांशकै देन थियो । नेपालसँग आज त्यही सामर्थ्य छ । फरक यत्ति हो कोरियाले आफ्ना युवालाई कारखाना र प्रयोगशालामा खटायो, हामी विमानस्थलबाट बिदाई गरिरहेका छौँ ।

## जेट चढेर विदेशतिर जनसाङ्ख्यिक लाभांश

नेपालको जनसाङ्ख्यिक सामर्थ्यको सबैभन्दा ठुलो विडम्बना यहीँ छ । जुन उमेर समूहका कारण मुलुक अवसरको शिखरमा हुनु पर्ने हो, त्यही उमेर समूह मुलुकभित्र छैन । जनगणना २०७८ का अनुसार २१ लाख ९० हजार ५९२ नेपालीहरू परिवारमा अनुपस्थित भई अक्सर विदेशमा बसोबास गर्छन् । कुल जनसङ्ख्याको साढे सात प्रतिशत हाराहारी अनुपस्थितको सङ्ख्या रहेको छ । यीमध्ये ८२.२ प्रतिशत पुरूष छन् र अधिकांश अनुपस्थित उत्पादनशील उमेरका छन् । हरेक साढे चार परिवारमध्ये एक परिवारको कोही न कोही सदस्य विदेशमा छन् । अन्तर्राष्ट्रिय बसाइँसराइको प्रवाह रोकिने छाँट छैन, बरू बढिरहेको छ ।

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा पाँच लाख पाँच हजार ९५७ जनाले नयाँ र तीन लाख ३३ हजार ३०९ जनाले पुनः श्रम स्वीकृति लिएका थिए भने विगत पाँच वर्षमै ३५ लाखभन्दा बढीले श्रम स्वीकृति लिइसकेका छन् । गन्तव्यमा युएई, साउदी अरब, कतार, कुवेत र मलेसिया अग्रस्थानमा छन् । यो सँगै शैक्षिक उन्नयनका नाममा अस्ट्रेलिया, जापान, क्यानडा र युरोपतर्फ बाहिरिने विद्यार्थीको लर्को छुट्टै छ । यसमध्ये ठुलो हिस्सा फर्कने सम्भावना कम छ । उता विदेसिने महिलाको सङ्ख्या पनि एक दशकमा ७१ प्रतिशतले बढेको जनगणनाले देखाउँछ ।

अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार चालु आवको फागुनसम्म नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या १३.७ प्रतिशतले घटेको छ, तर पुनःस्वीकृति लिनेको सङ्ख्या भने १५.९ प्रतिशतले बढेको छ ।

यसको अर्थ आप्रवासनको प्रवाह रोकिएको होइन वरू एकपटक गएकाहरू फर्केर स्वदेशमा बस्ने वातावरण पाइरहेका छैनन् । फेरि उतै फर्किरहेका छन् । वैदेशिक रोजगार अब आपत्कालीन विकल्प रहेन, पुस्तान्तरित जीवन पद्धति बन्दै छ । यसको आर्थिक प्रतिफल भने अङ्कमा चम्किलो देखिन्छ ।

नेपाल राष्ट्र बैङ्कका अनुसार आव २०८१/८२ मा रु. १७ खर्ब २३ अर्ब विप्रेषण भित्रियो, जुन कुल गार्हस्थ्य उत्पादनको २८.६ प्रतिशत हो र हालसम्मकै उच्च अनुपात मानिन्छ । चालु आवको १० महिनामै रु. १९ खर्ब नाघिसकेको यो आर्थिक प्रवाहले नेपाललाई विप्रेषण-जीडीपी अनुपातमा विश्वकै अग्रणी १० देशमा उभ्याएको छ । विप्रेषणले गरिबी घटाएको, विदेशी मुद्रा सञ्चिति बलियो बनाएको र लाखौँ घरपरिवारको भान्सा चलाएको यथार्थलाई नकार्न सकिँदैन तर विप्रेषण भनेको युवा श्रमको निर्यातवापत् प्राप्त मूल्य हो । हामीले मेसिन बेचेका छैनौँ, मान्छे पठाएका छौँ । खाडीको घाममा पसिना बगाएर आएको त्यो रकमको ठुलो हिस्सा उपभोग र आयातमै सकिन्छ । उत्पादनशील लगानीमा रूपान्तरण हुँदैन । अर्थतन्त्रले उत्पादन गर्न होइन, उपभोग गर्न सिकाइरहेको छ ।

## देशमै उपयोग गर्न नसकिएको शक्ति

युवा किन विदेश जान्छन् भन्ने प्रश्नको उत्तर सजिलो छ । यहाँ काम छैन, भए पनि मर्यादित छैन । श्रम बजारमा हरेक वर्ष लाखौँ युवा थपिन्छन्, तर तिनलाई खपत गर्ने गरी औपचारिक रोजगारी सिर्जना हुन सकेको छैन । जनगणना २०७८ कै तथ्याङ्कले १० वर्षमाथिका ३७.५ प्रतिशत नेपालीले गणनाअघिको एक वर्षमा कुनै आर्थिक काम नगरेको देखाउँछ । जसले काम पाएका छन्, तिनको ठुलो हिस्सा न्यून उत्पादकत्वको अनौपचारिक क्षेत्रमा अल्झिएको छ । समस्या रोजगारीको सङ्ख्यामा मात्र होइन, गुणस्तर र तालमेलमा पनि छ ।

विश्वविद्यालयले बर्सेनि हजारौँ स्नातक उत्पादन गर्छ, तर श्रम बजारले खोजेको सीप ती प्रमाणपत्रमा हुँदैन । कृषि आधुनिकीकरण हुन सकेको छैन र औद्योगिक क्षेत्रको योगदान खुम्चिँदो छ । दक्ष जनशक्ति जस्तै चिकित्सक, नर्स, इन्जिनियर, सूचना प्रविधिविज्ञको पलायनले त सेवा प्रवाह र नवप्रवर्तन क्षमतामै नराम्रोसँग असर पुर्‍याएको छ । गाउँघरमा यसको सामाजिक पक्ष अझ कारूणिक छ जस्तै : बाँझा गरा, बुढाबुढी र बालबालिका मात्र भएका बस्ती, वर्षौं पर्खाइमा बित्ने दाम्पत्य र बाकसमा फर्किने छोराछोरीहरू ।

पलायनको मूल्य पैसाले नाप्न नसकिने गरि पनि तिरिँदै छ । वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने र अङ्गभङ्ग हुने कामदारको तथ्याङ्क हरेक वर्ष वैदेशिक रोजगार बोर्डका प्रतिवेदनमा थपिँदै जान्छन् । एकल अभिभावकत्वको भारले किचिएका आमाहरू, बाबुको अनुहार तस्बिरमा मात्र चिन्ने बालबालिका र सामाजिक विग्रहका अनेक रूप यी विप्रेषणको अङ्कमा कहीँ लेखिँदैनन् । जुन गाउँका युवा खाडी गए, त्यही गाउँका पाखा बाँझा भए, खाद्यान्नमा आत्मनिर्भर जिल्लाहरू चामल किन्ने भए । श्रमशक्तिको यो रिक्तताले कृषिको उत्पादन लागत बढाएको छ र त्यसले फेरि आयातलाई नै मलजल गरेको छ ।

अर्थशास्त्रमा यसलाई 'डच रोग' को लक्षणसँग तुलना गरिन्छ । बाहिरबाट आउने सजिलो पैसाले भित्रको उत्पादन क्षमतालाई निमोठ्दै लैजाने अवस्था देखिन्छ । विप्रेषणले चलेको उपभोगमुखी अर्थतन्त्रले आयात बढाउँछ, आयातले व्यापार घाटा, र त्यो घाटा टार्न फेरि थप युवा पठाउनुपर्ने बाध्यता । यो दुश्चक्रबाट मुलुक बाहिर निस्कन सकेको छैन । जनसाङ्ख्यिक लाभांशको दृष्टिले हेर्दा यो अवस्था अवसरको सोझो क्षय हो । हामीले आफ्नो सबैभन्दा मूल्यवान् स्रोत अरूका अर्थतन्त्र निर्माणमा लगाइरहेका छौँ र बदलामा ज्याला भित्र्याइरहेका छौँ ।

## दोस्रो सङ्क्रमणको सङ्घारमा नेपाल

जनसाङ्ख्यिकी आयामको अझ गम्भीर पाटो अगाडि देखिन्छ । प्रतिस्थापन तहमा झरेको प्रजनन दर, ढिलो हुँदै गएको विवाह, सानो परिवारको रोजाइ, २७ प्रतिशत नाघेको सहरी बसोबास र फेरिँदो जीवनशैली आदिलाई जनसङ्ख्याशास्त्रीहरू 'दोस्रो जनसाङ्ख्यिक सङ्क्रमण' का लक्षण मान्छन् । जहाँ प्रजनन दर प्रतिस्थापन तहभन्दा तल झरेर लामो समय उठ्दैन । युरोप, जापान र दक्षिण कोरिया यही बाटो हिँडेर आज श्रमशक्ति अभाव र वृद्ध हेरचाहको सङ्कटसँग जुधिरहेका छन् ।

जापानले वृद्ध हेरचाहमा रोबोट भित्र्याउनुपरेको छ भने कोरियाले जन्मदर उकास्न खर्बौं खर्चेर पनि सफलता पाएको छैन । फरक के भने, ती मुलुक धनी भइसकेपछि बुढा भए । तिनीहरूसँग वृद्ध समाज धान्ने पुँजी, प्रविधि र संस्थागत क्षमता छ । नेपाल भने धनी हुनुअघि नै बुढो हुने जोखिममा छ, जसलाई विकास-अर्थशास्त्रीहरू सबैभन्दा प्रतिकूल जनसाङ्ख्यिक नियति मान्छन् ।

राष्ट्रिय तथ्याङ्क कार्यालय र संयुक्त राष्ट्रसङ्घीय निकायहरूका जनसङ्ख्या प्रक्षेपणले नेपालको जनसाङ्ख्यिक अवसरको झ्याल सन् २०४७ को हाराहारीसम्ममा क्रमशः बन्द हुँदै जाने देखाएका छन् । अर्थात्, हामीसँग बढीमा दुई दशक जति मात्र छ । त्यसपछि ६० वर्षमाथिको जनसङ्ख्याको अनुपात, जुन अहिले नै १०.२१ प्रतिशत पुगिसकेको छ, तीव्र गतिले बढ्नेछ । स्वास्थ्य सेवा, हेरचाह अर्थतन्त्र र सामाजिक सुरक्षा भत्तामा राज्यको दायित्व चुलिँदै जानेछ, तर त्यो दायित्व धान्ने करदाता युवा या त विदेशमा हुनेछन्, या जन्मिएकै हुने छैनन् । न्यून प्रजनन र निरन्तर पलायन सँगसँगै भोलि नेपाल आफैँले श्रमिक आयात गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न र केही क्षेत्रमा त्यसका सङ्केत अहिल्यै देखिन थालेका छन् ।

यो परिदृश्य टार्न सकिन्छ, तर नीतिगत साहस चाहिन्छ । पहिलो, शिक्षालाई सीप र बजारसँग जोड्ने आमूल सुधार चाहिन्छ, ताकि स्नातकको प्रमाणपत्र विदेश जाने हतियार मात्र नबनोस् । प्राविधिक तथा व्यावसायिक शिक्षालाई हेपिएको विकल्पबाट प्रतिष्ठित मूलधार बनाउन प्रदेश र स्थानीय तहसम्मै लगानी विस्तार गर्नुपर्छ । दोस्रो, नीतिगत स्थिरता, सरल प्रशासनिक प्रक्रिया र पूर्वाधारको सुनिश्चितसहित स्वदेशमै मर्यादित रोजगारी सिर्जना गर्न ऊर्जा, पर्यटन, कृषि प्रशोधन र सूचना प्रविधिजस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानीमैत्री वातावरण बनाउनुपर्छ ।

जलविद्युत्मा भइरहेको प्रगति र सूचना प्रविधि सेवा निर्यातको बढ्दो आकारले यो असम्भव छैन भन्ने देखाइसकेका छन् । तेस्रो, फर्केका आप्रवासी कामदारको सीप, पुँजी र अनुभवलाई उद्यमशीलतामा रूपान्तरण गर्ने पुनःएकीकरण नीति कागजबाट कार्यान्वयनमा झार्नुपर्छ । विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीतर्फ डोर्‍याउन आकर्षक वित्तीय उपकरणजस्तो डायस्पोरा बन्ड, विप्रेषण-आबद्ध सेयर योजना अघि सार्नुपर्छ । र चौथो, भोलिको बुढ्यौली समाजका लागि योगदानमा आधारित दिगो सामाजिक सुरक्षा र हेरचाह प्रणालीको जग अहिल्यै बसाल्नुपर्छ किनभने वृद्धभत्ताको वर्तमान ढाँचा मात्रले त्यो भार धान्न सकिँदैन ।

## अन्तिम मौका

तथ्याङ्कहरू आफैँ बोलिरहेका छन् । काम गर्ने उमेरको जनसङ्ख्या ६२ प्रतिशत पुगेको, प्रजनन् दर प्रतिस्थापन तहमा झरेको र वृद्धिदर ८० वर्षयताकै न्यून रहेको मुलुकसँग जनसाङ्ख्यिक अवसरको यो आकार फेरि कहिल्यै आउने छैन । इतिहासले कुनै पनि राष्ट्रलाई यस्तो जनसाङ्ख्यिक लाभको झ्याल एकपटक मात्र दिन्छ । दक्षिणपूर्वी एसियाले त्यसलाई समृद्धिको अवसरमा परिणत गर्‍यो । ल्याटिन अमेरिकाका कतिपय मुलुकले गुमाएर पछुताइरहेका छन् । नेपाल अहिले ठीक त्यही दोबाटोमा उभिएको छ । यहाँनेर नीति-निर्माताले बुझ्नैपर्ने कुरा के हो भने जनसाङ्ख्यिक नीति भनेको जनसङ्ख्या मन्त्रालयको फाइलमा सीमित हुने विषय होइन । यो शिक्षा, श्रम, उद्योग, अर्थ र सामाजिक सुरक्षा सबैलाई एकसूत्रमा बाँध्ने राष्ट्रिय रणनीतिको विषय हो ।

पन्ध्रौँ र सोह्रौँ योजनादेखि सरकारका नीति तथा कार्यक्रमसम्म 'जनसाङ्ख्यिक लाभांश' शब्द दोहोरिँदै आएको छ, तर त्यसलाई कार्यान्वयनमा उतार्ने मापनयोग्य लक्ष्य, जिम्मेवार निकाय र जवाफदेहिताको संयन्त्र अझै बनेको छैन । शब्द नीतिमा छ, सङ्कल्प बजेटमा छैन । रोज्ने हामीले नै हो । कि त आगामी दुई दशकलाई राष्ट्रिय सङ्कल्पका साथ शिक्षा, रोजगारी र लगानीको दशक बनाएर आजको युवा शक्तिलाई समृद्धिको इन्जिनमा बदल्ने, कि त विमानस्थलको प्रस्थान कक्षको लाइन हेर्दै विप्रेषणको अङ्क गन्ने । पहिलो बाटो कठिन छ, तर सम्भव छ । दोस्रो बाटो सजिलो छ, तर त्यसको अन्त्यमा एउटा यस्तो नेपाल पर्खिरहेको छ जुन धनी हुनुअघि नै बूढो भइसकेको हुनेछ । सुनौलो झ्याल अझै खुलै छ तर घाम ढल्कन थालिसकेको छ ।

*(लेखक त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका सह-प्राध्यापक हुनुहुन्छ)*



# असुरक्षित ज्ञान-सम्पदा

-पुरुषोत्तमलोचन श्रेष्ठ

विस्का : जात्रा भक्तपुरको विशिष्ट सांस्कृतिक पहिचान हो। यस महान् जात्राका मुख्यदेवता श्री भैरवनाथ हुन्। भक्तपुर नगरको हृदयस्थल त:माढि टोलमा अवस्थित उनको तीनतले आयताकार मन्दिर विश्वप्रसिद्ध सम्पदामध्ये एक हो।

यसै मन्दिरको दक्षिणद्वारको पश्चिम कुनामा लापरबाहीपूर्वक मिल्काएर थुपारिएका विभिन्न सामग्रीबिच एउटा ढुङ्गाको जलपात्र पनि उपेक्षित अवस्थामा रहेको छ। यही जलपात्रमा संवत् ८८ ईस्वी ६६४को उत्तर-लिच्छविकालीन अभिलेख उत्कीर्ण छ। उक्त अभिलेखले तत्कालीन एक श्रद्धालु दाताले ललितमहेश्वरलाई ताम्रकलश अर्पण गरेको ऐतिहासिक तथ्य अभिलेखित गरेको छ। यस अभिलेखले तत्कालीन भक्तपुर क्षेत्रको धार्मिक-सांस्कृतिक जीवन, दान-परम्परा तथा भैरवनाथको प्राचीनता र इतिहास बुझ्न अमूल्य प्रमाण प्रस्तुत गर्दछ।





विडम्बना, हाम्रा पुर्खाले पवित्र जल सुरक्षित राख्न निर्माण गरेको यही जलपात्रलाई आज हामीले फोहोर थुपार्ने कन्टेनरमा परिणत गरेका छौँ। पवित्र सम्पदालाई अपमानित गर्दै आफूलाई सभ्य समाजको प्रतिनिधि ठान्नु हाम्रो सांस्कृतिक चेतनाको गम्भीर विडम्बना हो।

यस्तै, भैरवनाथ मन्दिरको उत्तरपट्टिको भित्तामा नेपाल संवत् ८३८ ईस्वी १७१८ मा तत्कालीन भक्तपुर राज्यका यशस्वी नरेश भूपतीन्द्र मल्लद्वारा स्थापित एक महत्त्वपूर्ण शिलालेख रहेको छ। त्यस अभिलेखमा पहिले एकतले रहेको भैरवनाथ मन्दिरमा थप दुई तला निर्माण गराई वर्तमान स्वरूप प्रदान गरिएको ऐतिहासिक विवरण अङ्कित छ।

दु:खको विषय, यही ऐतिहासिक शिलालेखको अगाडि हरेक वर्ष भैरवनाथको रथका विभिन्न अवयवहरू थुपारेर राख्ने परम्परा लगभग संस्थागत भइसकेको छ। फलत: शिलालेख क्रमश: ढाकिँदै, कुरूप बन्दै र क्षतिग्रस्त हुँदै गएको छ। अभिलेखका अक्षरहरू उप्किन थालेका छन् केही भाग त सदाका लागि लोप हुने अवस्थामा पुगिसकेका छन्। यदि यही अवस्था निरन्तर रह्यो भने निकट भविष्यमा यस अभिलेखले बोकेको अमूल्य ऐतिहासिक साक्ष्य नै नष्ट हुन सक्ने खतरा टड्कारो छ।

भैरवनाथ र उनको मन्दिर शरीर हुन् भने तिनको इतिहास, निर्माण, परम्परा र सांस्कृतिक यात्रालाई प्रमाणित गर्ने यी अभिलेखहरू तिनका आत्मासमान ज्ञान-सम्पदा हुन्। शरीर बाँचे पनि आत्मा हरायो भने त्यसको वास्तविक अस्तित्व र परिचय समाप्त हुन्छ। यी ज्ञान-सम्पदा नष्ट भए भने भविष्यका पुस्ताले भैरवनाथको मन्दिर त देख्लान्, तर त्यसको वास्तविक इतिहास, महत्त्व र आत्मालाई चिन्ने आधार गुमाइसकेका हुनेछन्।

मैले विगत दुई दशकभन्दा बढी समयदेखि यी नै असुरक्षित ज्ञान-सम्पदाको संरक्षणको आवश्यकता औँल्याउँदै निरन्तर कलम चलाइरहेको छु। बारम्बार सम्बन्धित निकाय तथा समाजको ध्यानाकर्षण गराउँदै यी अमूल्य ऐतिहासिक प्रमाणहरूको उद्धार र संरक्षणका लागि आग्रह गर्दै आएको छु। तर, समय निरन्तर बितिरहेको छ, जबकि यी सम्पदाको क्षय झन् तीव्र हुँदै गएको छ।

अत : पुरातत्त्व विभाग, भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, भैरवनाथ मन्दिर व्यवस्थापन, स्थानीय समुदाय तथा सम्पदा-संरक्षणप्रति प्रतिबद्ध सम्पूर्ण सरोकारवालासमक्ष मेरो हार्दिक अनुरोध छ–यी अनुपम ज्ञान-सम्पदाको संरक्षण आजैबाट सुरु गरौँ। इतिहासको क्षति कहिल्यै पूर्ति हुँदैन। समय एकपटक चुक्यो भने त्यो फेरि फर्कर आउँदैन।

भोलि आउँदैन। आजै जोगाऔँ–हाम्रो इतिहास, हाम्रो सम्पदा, हाम्रो पहिचान।

*(लेखक इतिहासकार एवं प्राध्यापक हुनुहुन्छ।)*

# वर्गीय आन्दोलन आवश्यक

राष्ट्रिय स्वतन्त्र पार्टी पनि नेकाझैँ श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने पार्टी होइन। पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने दलले श्रमजीवीवर्गको हितमा काम गर्दैन; काम गर्न अघि बढ्दैन। शोषित पीडित जनताको पक्षमा काम गर्ने सरकार नआउन्जेल देश विकासको काँचुली फेर्ने छैन। यो सरकार कसको पक्षमा छ भन्ने कुरा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटले देखाइसकेको छ। नयाँ सरकार गठन भएपछि देशमा सुशासन होला, शान्ति सुरक्षा होला, काममा ढिलासुस्ती हुनेछैन; कार्यालयमा अनियमितता र भ्रष्टाचार हुनेछैन भन्ने जनताले आशा र विश्वास गरेका थिए।

यसको ठीक उल्टो महँगी बढेको छ; शान्ति सुरक्षा छैन; विदेसिने क्रम चालू छ। सरकारी कार्यालयमा पहिलेझैँ ढिलासुस्ती छ; घुसबिना काम हुँदैन। खानेपानीको समस्या ज्यूँका त्यूँ छ; रोपाइँको बेलामा पनि रासायनिक मल आइपुगेको छैन। उखु कृषकहरूले भुक्तानी पाएका छैनन्; उद्योगहरू बन्द छन्। शिक्षकहरू पनि सन्तुष्ट छैनन्। प्राध्यापक, चिकित्सक र नर्स (स्वास्थ्यकर्मी) हरू आन्दोलित छन्। सुकुमवासीहरूको त उठिवासै भएको छ। बस्ती उठिवासको कारण सहन नसकी ६ जनाको ज्यान गइसकेको छ। पछिल्लो चरणमा मुगु निवासी गणेश नेपालीले प्रहरीको अनावश्यक दबाव र जरिवानाको कारण आत्मदाह गरेर ज्यान गुमाउनुपर्‍यो। यसै विषयमा सदन र सडकमा विरोध प्रदर्शन भयो; प्रधानमन्त्री बालेनको राजीनामा माग भयो। 'सहिद' को घोषणा माग गर्दै परिवारको जीवन सुनिश्चित गर्न र बच्चाको पढाइको व्यवस्था गर्नुपर्ने मागसहित काठमाडौँलगायत विभिन्न स्थानमा प्रमको पुतला दहनसहित प्रदर्शन भयो। घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग भयो।

यो सरकारले भदौ २३ गते भएको शान्तिपूर्ण आन्दोलनमा गोली हान्ने अपराधीहरूलाई न कारबाही गरेको छ न त भदौ २४ गते सिंहदरबार, राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालतलगायत देशको सम्पत्ति ध्वस्त पार्ने उपद्रवहरूलाई नै कारबाही गर्न सकेको छ। सम्पत्ति ध्वस्त पार्न अघि बढेका, आन्दोलनकारीलाई उक्साउने व्यक्तिहरू नै अहिलेको सरकारमा मन्त्री बनेका छन्। सरकारमा रहेका मन्त्रीहरू नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थामा आबद्ध छन्। विदेशी शक्तिराष्ट्रद्वारा सञ्चालित गैरसरकारी सङ्घ संस्थाले के नेपाल र नेपाली जनताको हितमा काम गर्ला ? सत्तारूढ दलका नेताहरूको अहङ्कार, दमनकै कारण संसद्मा रहेका र नरहेका दलहरू सरकारको विरोधमा लागेका छन्। जनतामा असन्तोष बढेको छ। कति दलका नेताहरूले साउनदेखि सरकारविरोधी आन्दोलन गर्ने चेतावनी दिन थालेका छन्।

देशका कम्युनिस्ट पार्टीहरूले सरकारी दमन र अत्याचारको विरोधमा मात्र होइन; परिवर्तनको निम्ति कम्युनिस्ट पार्टीको आन्दोलन अघि बढाउनुपर्छ। साँच्चै समाजवादी क्रान्ति गर्ने लक्ष्यअनुरूप काम गर्नुपर्छ। कम्युनिस्ट पार्टीले अरू पुँजीवादी पार्टीले जस्तै सत्ताको वरिपरि रहेर पुँजीवादी सरकारको नेतृत्व गर्ने राजनीति छोड्नुपर्छ। कम्युनिस्ट पार्टीले वर्गीय शत्रु र मित्र चिनेर जनतालाई सचेत र सङ्गठित गर्नुपर्छ। अबको आन्दोलन बहुमत प्राप्त सरकार ढाल्ने आन्दोलनभन्दा कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनतामाझ लगेर वर्गीय आन्दोलन छेड्नुपर्छ।

एउटा पुँजीवादी सरकार ढालेर अर्को पुँजीवादी सरकार गठन गर्दा शोषितपीडित जनताको निम्ति केही फरक हुनेछैन। बरू, हामीले आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गर्दै जानुपर्छ। देश र जनताको पक्षमा नि:स्वार्थ र इमानदारीपूर्वक सेवा गर्नुपर्छ भन्ने भावनाका साथ काम गर्नुपर्छ। यसको निम्ति देशका किसान, मजदुर, विद्यार्थी, युवा, महिला, शिक्षक, साहित्यकार, कर्मचारी, सर्वसाधारण जनता, बुद्धिजीवी, व्यवसायीहरू अघि बढ्नुपर्छ; अघि बढेर जनतालाई तयार गर्नुपर्छ।

**चीनको...**

गर्न मद्दत गर्नेछ। यो प्रविधि प्रयोगात्मक चरणबाट व्यावहारिक प्रयोगमा लैजान निर्णायक साबित हुनेछ।

दुवै म्याग्नेटको डिजाइन, कच्चा पदार्थ (विशेष स्टिल र कन्डक्टिङ सामग्री) देखि निर्माणसम्मका सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा चीनभित्रै गरिएका हुन्। यस सफलताले चीनलाई फ्युजन रियाक्टर निर्माणका लागि बलियो जग दिएको छ। यसले चीनमा न्यून-तापक्रम र उच्च-तापक्रम दुवैखाले सुपरकन्डक्टरका दुईओटा ठूला औद्योगिक सञ्जाल तयार पारेको छ, जसले समग्र उद्योगको विकासमा सहयोग पुऱ्याउनेछ।

*(ग्लोबल टाइम्सबाट)*

# के यी सत्य हुन् ?

- सर्वोच्च अदालतका न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको इजलासले असार २६ गते अधिवक्ता प्रेमराज सिलवालको रिटमा अन्तरिम आदेश जारी गर्दै निवेदन पूर्ण इजलासबाट 'अन्तिम टुङ्गो नलगाइएसम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्नू र रिटलाई अग्राधिकार दिएर १५ दिनपछि पेसीमा चढाउनू' भनिएको छ।
- रास्वपाको बालेन सरकारले राष्ट्रपति, उपराष्ट्रपति, पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वराजा, अहिलेका सांसद र मन्त्रीहरू, संवैधानिक आयोगका पदाधिकारीहरूको सम्पत्ति छानबिनमा नपर्ने भएपछि जनतामा सरकार पक्षपातपूर्ण भएको भनी विरोध फैलिँदो छ।
- नेपाल प्रहरीका एक उपरीक्षकले 'म बालेनको प्रहरी होइन, जनताको प्रहरी हो' भनेको कारण सरकारले सो प्रहरी उपरीक्षकलाई केन्द्रमा तानेको छ।
- नेपालका किशोर किशोरीहरूमा लागूपदार्थ दुर्व्यसनी बढ्यो भने नेपाल-भारत खुला सीमाको कारण मधेस प्रदेश लागूपदार्थ तस्करको केन्द्र बनेको पनि सार्वजनिक भयो। प्रधानमन्त्री भएकाहरूले यो अवस्थाको अन्त्य गर्न किन सकेनन् ? के प्रधानमन्त्रीहरू नालायक हुन् ? सरकारमा को को लागूपदार्थप्रेमी छन् ?
- असार महिना सकिँदै छ, मल अभाव हुँदा देशभर ४५ प्रतिशतमात्र रोपाइँ भयो। यतिखेर किसानहरू कृषि उत्पादन घट्ने चिन्तामा छन् भने उता पुँजीगत खर्च ४४.४५ प्रतिशतमात्र खर्च भयो। यसमा भ्रष्टाचार र बेरुजु कति बढ्ने होला ? जुनसुकै सरकार आए पनि बजेट खर्च कम हुने र खर्चमा अनियमितता बढ्ने किन ?
- भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीमा संलग्नताबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन जेनेभास्थित मानव अधिकार नियोगमा पुगेपछि रास्वपाबाट अहिले सांसद बनेका कतिपयको पद धरापमा परेको सार्वजनिक भयो।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - ५२

**गैरआवासीय नेपाली सङ्घका पूर्वअध्यक्ष राजेन्द्रकुमार शर्माको व्होरा:**

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन गरिबी, बेरोजगारी, बढ्दो आर्थिक असमानता र राज्यको कमजोर सेवा प्रवाहको परिणामस्वरूप उत्पन्न भएको सामाजिक विस्फोट हो। विदेशमा रहेका करिब ८० लाख नेपाली देशको अवस्था देखेर चिन्तित छन्। राज्यको उत्तरदायित्व शून्य हुनु नै यो आन्दोलनको मूल जड हो।

**उद्योग वाणिज्य महासङ्घ, नेपालको व्होरा**

राज्य सञ्चालन प्रणाली, राज्य सञ्चालकको भूमिका र क्रियाकलापको विरोधमा भएको युवा पुस्ताको आन्दोलनले रोजगारी, आर्थिक समृद्धि तथा आर्थिक तथा सामाजिक विकासको माग गरेको स्पष्ट देखिन्छ। युवा पुस्ताले नूतन प्रविधिमा आधारित व्यवसायको विकासमार्फत उद्यमशीलता र रोजगारी सुनिश्चितताको अपेक्षा गरेका छन्। पुँजी, उद्यमशीलता र प्रविधिको उपयोगमा निजी क्षेत्रको सम्भावनालाई पूर्ण परिचालन नगरेसम्म अर्थतन्त्रको विकासको आधार तयार हुँदैन। आन्दोलनको क्रममा निजी क्षेत्रमाथि गरिएको प्रहार, रोजगारीको आधारका रूपमा रहेका उद्योग तथा व्यावसायिक प्रतिष्ठान र उद्यमीको निजी सम्पत्तिमा गरिएको श्रृङ्खलाबद्ध आक्रमण तथा आगजनीबाट निजी क्षेत्रको मनोबल कमजोर हुँदा रोजगारी सिर्जना गर्ने क्षेत्रमा ठूलो लगानी गर्ने साहस र चाहना अझै पूर्णरूपमा जागृत हुन सक्ने अवस्था देखिँदैन।

आन्दोलनको कारण निजी क्षेत्रलाई परेको पीडा र हानिको कुनै मौद्रिक मूल्य नभए तापनि आगामी दिनमा यस प्रकारको घटनाको पुनरावृत्ति हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकारले "निजी क्षेत्रको सुरक्षा र प्रवर्द्धन रणनीतिक योजना स्वीकृत गरी लागू गर्नु आवश्यक छ।

**सुर्खेतमा...**

सिर्जनाहरू प्रस्तुत गरेका थिए। साहित्यकार अङ्ग शाहीले चोटिला मुक्तक, रमा दशनामी गिरी र धनेन्द्र विकले समसामयिक कविता वाचन गर्नुभएको थियो भने छत्रिकाकुमारी विकले देशभक्तिपूर्ण गीत प्रस्तुत गर्नुभएको थियो। समाजका सहसचिव शर्मिला विकको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रमको सञ्चालन समाजका सचिव छत्रिकाकुमारी विकले गर्नुभएको थियो। कार्यक्रमका सभापति एवं समाजका अध्यक्ष टीकाप्रसाद पोखरेलले कार्यशालामा सिकेका ज्ञानलाई व्यवहारमा उतार्न जोड दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो।

योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता


❖ योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
❖ योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
❖ स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
❖ निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
❖ २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिबद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड

नैनं छिन्दन्ति शस्त्राणी नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयती मारुतः ।।

हार्दिक समवेदना



जन्म
१९८९/१२/१०

निधन
२०८१/०३/२०

स्व. हरिदेवी (जुन) बिजुक्छें

हाम्रा प्रातः स्मरणीय पूज्य ममतामयी वन्दनीय आमा हरिदेवी (जुन) बिजुक्छेंको दुःखद निधन भएको आज दोस्रो वार्षिक पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। हजुरको दिवङ्गत आत्मा परम ऊर्जा स्वरूप पूर्ण ब्रह्म परमात्माबाट निरन्तर प्राप्त भइरहोस्।

सम्पूर्ण बिजुक्छें परिवार
भ.न.पा.-५, सुकुलढोका

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा